
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY




धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित लेख-लेखन प्रतियोगितामा प्रथम हुने राजा ब.आ. पुरस्कार ग्रहण गर्दै

माघ पूर्णिमा



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित अल्पकालीन प्रव्रज्या शिविरमा २०५९ का सहभागीहरू

DHARMAKIRTI

वर्ष- २०    अङ्क- १०    वार्षिक रु. ६०/-    मूल्य रु. ५/-

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन ।

---

## विषय–सूचि


| | | |
|---|---|---|
| १. बुद्ध–वचन | – | १ |
| २. सम्पादकीय | – | २ |
| ३. धम्मपद–१५४–५५ | – रीना तुलाधर | ३ |
| ४. धर्मदान र धर्मको कुरा | – विश्व शाक्य | ४ |
| ५. आधुनिक युग र बुद्ध शिक्षा | – भिक्षु अश्वघोष | ७ |
| ६. श्रमण नारद | – ले. श्रीयुक्त नाथुराम प्रेमी, अनु. प्रकाश बज्राचार्य | ९ |
| ७. मौकाको बुद्धि | – भिक्षु संघरक्षित | १३ |
| ८. गज्योगु झीगु जिन्दगी? | – रामभक्त प्रधान | १३ |
| ९. "आधुनिक विज्ञानया मिखाय् बुद्ध धर्म" | – प्रकाश | १४ |
| १०. मायादेवी मन्दिरको निर्माण अन्तिम... ... | – | १५ |
| ११. धर्मकीर्ति विहार–गतिविधि | – | १६ |
| १२. धर्म प्रचार–समाचार | – | १९ |
| १३. बुद्ध धर्म संघ बिना मेव | – आनन्दमानसिं तुलाधर | २४ |
| १४. दसि पौ व सिरपा इनेगु ज्याभ्को: | – | |
| १५. छलफल | – मेघदूत | |


---

- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ह्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५, २२४९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित
फोन : २५७५७२

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२३
इस्वीसम्वत् २००३
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**JANUARY 2003**

| वर्ष- २० | अङ्क- १० | मिला पुन्ही | माघ २०५९ |
|---|---|---|---|




★ यस्तो कुनै उपाय छैन कि जसबाट मृत्यु नहोस् । जसले जन्म लियो त्यो अवश्य मर्छ नै । संसारको स्वभाव धर्म नै मृत्यु हो ।

★★★

★ पाकिसकेको फललाई जसरी डालबाट तल खस्नुको लागि डर भइरहेको हुन्छ, त्यसैगरी जन्मेको मानिसलाई मृत्युको डर लागि रहन्छ ।

★★★

★ कोही सय वर्ष या त्यो भन्दा बढी नै बाँचिरहोस्, तर पनि एक न एक दिन त सबै प्रियजन प्यारोहरूको माझबाट अलग (मृत्यु) हुनु नै पर्छ ।

# तपाईंको व्यवहार नै तपाईंको परिचय हो !

यो एउटा बसभित्र लेखिएको वाक्य हो । यस वाक्यलाई बसमा बस्ने सबै व्यक्तिले पढ्न सक्छन् । बसको ढोका खुलिएकै थियो । एकजना यात्रुले बसको ढोकानिर नै थुकिदियो । अचानक त्यो थूक बस भित्र पसेको अर्को एक यात्रुको जीऊमा नै परेछ । भाग्यवश ! झगडा चाहिं परेन । किनभने थूक थुक्ने व्यक्तिले आफ्नो खल्तीबाट रुमाल झिकी जीऊमा परेको थूक पुछिदियो र आफ्नो गलती स्वीकारी माफी माग्यो ।

बसमा लेखिराखेको त्यस वाक्यलाई धेरै व्यक्तिले पढ्ने त गर्छन् । तर त्यस वाक्य पढी शिक्षा लिने कतिजना हुन्छन् त्यो भने विचारणीय विषय हो । कहिलेकाँहि कण्डक्टरले बस भाडा माग्दा कम मात्र भाडा तिर्ने व्यक्तिहरू पनि छन् । यस्तो अवस्थामा कडा मिजासका कण्डक्टर परेमा झगडा नै हुने गर्छ । तर नरम र मिजासीलो असल स्वभावको व्यक्ति परेमा मात्र अशान्ति हुँदैन ।

यो हरेक मानिसको आ-आफ्नो व्यवहारको कुरो पऱ्यो । बुद्ध शिक्षानुसार शील (सदाचार), समाधि (चित्त एकाग्रता) र प्रज्ञा (विवेक बुद्धि) को अर्थ बुझी सोही अनुसार आफ्नो व्यवहार राम्रो पार्नु असल कुरो हो ।

शीलको व्याख्या अनुसार हाम्रो शरीरबाट ३ प्रकारले कुकर्महरू गरिन्छन् -

१. अरूलाई अहित र दुःख हुने गरी हिंसा कार्य गर्ने ।
२. अरुहरूको चीजवस्तु, उनीहरूको अनुमति बिना लिने अर्थात् चोरी गर्ने ।
३. बलात्कार र भ्रष्टाचार गर्ने ।

वचनद्वारा चार प्रकारका कुकर्महरु गरिन्छन्-

१. अरुलाई अहित हुने खालका झूठा कुरा गर्ने ।
२. मिलिरहेका दुई व्यक्तिहरू विच चुक्ली लगाई एक आपसमा फूट पैदा गरी अशान्ति ल्याउनु ।
३. अरुको चित्त दुखाउने नियतले कडा शब्दहरू प्रयोग गर्नु ।
४. केही पनि काम नलाग्ने निरर्थक र फजुल गफहरू गर्ने ।

मनद्वारा गरिने चार प्रकारका कुकर्महरु-

१. दृढलोभ अर्थात् अति लालची हुनु ।
२. बदला लिने भावना राख्नु ।
३. मिथ्यादृष्टि अर्थात् ठीक तरिकाले कुरा बुझ्न नसकी गलत फहमी हुनु ।

उपरोक्त बुद्ध शिक्षाले व्यवहार राम्रो पार्नु पर्ने विषयमा जोड दिइएको छ । हरेक मानिसको आ-आफ्नो व्यवहारले उसको आफ्नो परिचय दिइरहेको हुन्छ । नराम्रो काम गरी चरित्र भ्रष्ट हुन पुगेको व्यक्तिले आफ्नो खरावी नियतको परिचय दिइरहेको हुन्छ । खराव चरित्र भएको व्यक्ति जहाँ गएपनि उ अविश्वासको पात्र बन्न पुग्नेछ । जसको कारणले उसलाई सबैले घृणा गर्न थाल्नेछ ।

आजभोली बुद्ध जन्मभूमी नेपाल हिंसाको वातावरणले दूषित बन्न पुगेको छ । भ्रष्टाचारले प्रशासन कुहिएको देखिन्छ । यही कारणले कतिपय ठूला-बडाहरू जेलभित्र राखिएको समाचार सुन्नमा आएपनि कतिपय कार्यालयहरूमा घूस खाने कुसंस्कार भने सेलाउन सकेको देखिंदैन ।

यस्तै यस्तै सन्दर्भहरूलाई अध्ययन गरेर नै त्यस बसमा यस्तो वाक्य उल्लेख गरिएको होला - "मानिसहरूको व्यवहार फर्सि जस्तै साह्रै कुहिएको छ । फर्सिलाई बाहिरबाट हेर्दा राम्रै लाग्छ । तर यसको भित्रको कुहिएको भाग भने बाहिरबाट देखिंदैन । यस्तै भइसकेको छ मानिसको चरित्र ।"

खराब व्यक्तिहरूले त धर्मलाई समेत खेलौना बनाई आफ्नो स्वार्थ पूरा गरिरहेको हुन्छ । पैसा हिनामिना गर्ने उसको स्वभाव नै बनिसकेको हुन्छ । यस्तो अपवित्र व्यवहारले नै त्यस व्यक्तिको परिचय प्रस्तुत गरिएको हुन्छ । त्यसकारण जसले संसारमा आफ्नो राम्रो, असल र चोखो परिचय दिन चाहन्छ, त्यसको लागि बुद्धको शील सम्बन्धि शिक्षा आजसम्म पनि सान्दर्भिक र उपयोगी बनेको छ ।

# धम्मपद-१५४

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**दुल्लभो पुरिसा जञ्ञो - न सो सब्बत्थ जायति**
**यत्थ सो जायति धीरो - तं कुलं सुखमेधति**

***अर्थ-*** श्रेष्ठ पुरुषको जन्म दुर्लभ छ । यस्ता पुरुष सबैतिर जन्मँदैन । जुन कुलमा श्रेष्ठ पुरुषको जन्म हुन्छ, त्यस कुलमा सुख वृद्धि हुन्छ ।

***घटना-*** उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको बेला भिक्षु आनन्दले सोधेको प्रश्नको जवाफमा भन्नु भएको थियो ।

एकदिन भिक्षु आनन्द विहारमा दिवा समयमा बस्ने स्थानमा बसेर चिन्तना गरे- "तथागतले हामीलाई उत्तम जातको हात्ती छद्दन्त वा उपोसथ जातमा जन्मन्छन्, उत्तम जातको घोडा सिन्धव जातमा जन्मन्छन्, असल जातको गाईवस्तु उसभ जातमा जन्मन्छन् भन्नु भयो । तर उत्तम पुरुषको जन्म कहाँ हुन्छ भनेर भन्नु भएन ।" यही कुरो लिएर भिक्षु आनन्द भगवान बुद्ध समक्ष गए र सोधे - कि उत्तम पुरुषको जन्म कहाँ हुन्छ ।

बुद्धले भन्नुभयो - "आनन्द, उत्तम पुरुषको जन्म जहाँ कहिँ हुँदैन । लम्बाई र चौडाईबाट तीन सय योजन धाकेको, परिधिले नौ सय योजन घुमेको मध्यम देशमा जन्मन्छन् । जन्म हुँदा पनि महान धनवान विवेकी मनुष्य कुलमा जन्मन्छन् ।" यसरी आज्ञा भई बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

# धम्मपद-१५५

**सुखो बुद्धानं उप्पादो-सुखा सद्धम्म देसना**
**सुखा संघस्स सामग्गी-समग्गानं तपो सुखो**

***अर्थ-*** बुद्ध जन्म हुनु सुखकर हो, सद्धर्म देशना गर्नु सुखकर हो, संघ संगठित हुन सुखकर हो तथा एकता भएका संघको तप चर्या पनि सुखकर हो ।

***घटना-*** भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको बेला उपरोक्त गाथा धेरै भिक्षुहरूको कारणमा भन्नु भएको थियो ।

एक समय धेरै भिक्षुहरू एक साथ उपोसथ शालामा बसी छलफल गरीरहेका थिए । त्यसै बेला संसारमा सुख केलाई भन्ने भनीकन कुरा उठ्यो । भिक्षुहरूले विभिन्न मानिसको लागि भिन्दा-भिन्दै सुख हुन्छ भन्ने कुरा गऱ्यो जस्तै कसैको लागि कुनै राजाको जस्तो धन द्रव्य हुनु सुख हो, कसैको लागि काम सेवन गर्नु ठूलो सुख हो, कसैको लागि मीठोसँग मासु भात खानु सुख हो । भिक्षुहरूको बिचमा यसरी कुरा चलिरहेको ठाउँमा भगवान बुद्ध आइपुग्नु भयो । भिक्षुहरूको बिचमा 'सुख' को विषयमा छलफल चलेको सुने पछि बुद्धले भन्नुभयो– "भिक्षुहरू हो ! जुन जुन सुखको बारेमा तिमीहरूले भन्यौ त्यो जम्मै सांसारिक दुःखबाट मुक्त नहुने सुख हो । यस लोकमा बुद्धको उत्पति हुनु, बुद्धको सद्धर्म सुन्ने अवसर पाउनु, भिक्षु संघको बिचमा एकता तथा मेलमिलाप हुनु, यी नै साँच्चैको सुख हो ।" यसरी धर्म देशना गरी भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्म देशनाको अन्तमा त्यहाँ उपस्थित भिक्षुहरूले अरहत्व लाभ गरे । ■

### धर्मकीर्ति पत्रिकाको लागि चन्दा प्रदान

**श्री ऋद्धीहर्ष बज्राचार्य** बिराटनगरबाट धर्मकीर्ति पत्रिकाको लागि रु. १,०००/– (एकहजार रुपियाँ) चन्दा प्रदान गर्नुभएको छ ।

सहयोगको लागि धन्यवाद ज्ञापन गर्दछ ।

– *धर्मकीर्ति पत्रिका*

### ध्यावकुटी बाल आश्रमलाई सहयोग

(१) स्व. पूर्ण चन्द्र शाक्यको पुण्यस्मृतिमा जुजुकाजी शाक्य, बनेपा — रु. २,५००/-

(२) दुर्गादास रंजित, टेकु — रु. १,२००/-

(२) तीर्थदेव मानन्धर, वृद्धाश्रम — रु. २००/-

(३) भिक्षु धर्म सागरबाट एकदिनको भोजन र जलपान दान तथा मसलन्द प्रदान

# धर्मदान र धर्मको कुरा

✍ **विश्व शाक्य**, पोखरा

एका विहानै, काठमाडौंको एकजना साथीलाई फोन गर्छु भनेर नम्वर हानेको थिएँ थाहा छैन कसरी म्याग्दी बेनीका याम शाक्यले फोन उठायो । हुनसक्छ उन्लाई घरबाटै कसैले फोन गरेको थियो र फोन उठाउने बेला मैले पनि काठमाडौंको साथीलाई फोन डायल गरें । जे होस् याम शाक्यसँगको क्षेम कुशलताको भलाकुसारी पछि यामले काठमाडौंमा संघरक्षित भन्तेले एकपटक सम्पर्क राख्न चाहेको जानकारी दियो । याम शाक्यसँगको कुराकानी पछि मैले काठमाडौंमा संघाराम विहारको फोन डायल गरें । फोन उठ्यो । संघरक्षित भन्ते फोन लाइनमा हुनुहुन्नथ्यो । केही बेरपछि उताबाट संघरक्षित भन्तेका आवाज आयो– 'हेलो !'

'हेलो !' भन्ते वन्दना ! यताबाट म विश्वदाइ बोलेको भन्ने जानकारी मैले दिएँ । यो जानकारी पाए पछि भन्तेज्यूले हक्कानिदै भन्नुभयो- "ऐ ऽऽ विश्व दाई ! तपाँईले बुद्ध देवता होइनन्' भन्ने किताव बिक्री सहयोगको लागि भन्नु भएको । किताव पनि म नभएको बेला विहारमा भन्तेहरूकोमा छोडेर जानु भएको रहेछ । किताब अहिले पनि भन्तेहरू सँगै छ । उहाँहरूले मलाई किताब दिनु भएकै छैन । उहाँहरूको भनाइ अनुसार किताबमा 'धर्मदान' भनिएको हुँदा विक्री गर्न हुन्न, श्रीलङ्कामा यस्तो चलन छैन भनेर दिनै मान्नु भएन । त्यही भएर विश्वदाईसँग सम्पर्क राख्न खोजेको थिएँ ।"

भन्तेको उपरोक्त भनाई पछि मैले कुरा स्पष्ट पार्ने प्रयास गर्दै भनें– "सायद उहाँ भन्तेहरूले कुरा बुझ्नु भएन । धर्मदान भनिएको कुरा विक्री गर्न हुन्न भन्ने कुरा उहाँ भन्तेहरूलाई जति हामीलाई थाहा नभए पनि दान दिएको वस्तु विक्री वितरण गर्न हुन्न भन्ने अलि अलि हामीले पनि बुझेका छौं जस्तो हामीलाई लाग्छ । "बुद्ध देवता होइनन्' नामक पुस्तक आमा-बाबुको पुण्यलाभको कामना गरी एकजना उपासकले प्रकाशित गरेको हो । त्यस पुण्य कार्यमा पाठकहरूको पनि पुण्य समाहित होस् र पाठकहरूले गर्ने वा गरेको धर्मदानले फेरि त्यस्तै लोक हितार्थ र लोक कल्याणार्थ पुण्यकार्य सम्पादन गर्न सकियोस् भन्ने पुण्यकामनाको हेतु राखेर कितावको मूल्य भनेर मूल्य नराखि पाठकहरूको तर्फबाट हुने धर्मदानको रूपमा रु २५।- राखिएको हो र त्यो प्राप्त रकमले फेरि यस्तै धर्म पुस्तक प्रकाशित गर्ने लक्ष संघले राखेको हो ? सायद यो कुरा भन्तेहरूले बुझ्ने प्रयास गरिदिनु भएन ।"

"मैले यो कुराहरू पनि भनेको हुँ ।" भन्तेले भन्नु भयो– "विश्वदाइले धर्मदानको रूपमा किताब प्रकाशित गरिदिनु भयो, अब यो प्रकाशित किताव पाठकहरूले धर्मदानको रूपमा रु २५।- तिरेर सहयोग गर्छन् भने के आपत्ति भयो र ? आखिर धर्म प्रचारकै कुरा त हो नि ! भन्दा भन्तेहरू मान्नैं हुन्न । हुँदैन धर्मदान भनिएको कुरा विक्री वितरण गर्न हुन्न हामी विक्री गर्न दिंदैनौ भन्नु हुन्छ । के भन्ने, के भन्ने ? मलाई त बडो अचम्म लाग्छ ।"

"ठीक छ नि त भन्ते ।" मैले उहाँलाई आश्वस्त पार्दै भनें- "उहाँहरूले त्यसो भन्नु हुन्छ भने ठिक्कै छ । त्यो २० वटा किताब उहाँहरूले विक्री सहयोग नगरीदिनु भएर के हुन्छ र भन्ते ? ठीक छ, उहाँहरूले विदेश गएर बुद्ध धर्म सिकेर आउनु भएको त्यस्तै रहेछ । हामी त विदेश गएका छैनौं । हामीले त हाम्रो आफ्नै देशमा जन्मेको सिद्धार्थ गौतमले प्रतिपादन गरेको धर्म सिकेर बुझेर तदनुरूप समाजमा सही बुद्ध शिक्षाको पहिचान दिलाउने प्रयास सम्म गरेका हौं त्यो पनि उहाँहरूको शिक्षा अनुकूल नभएको मान्नु हुन्छ भने राम्रै भयो । भन्ते, हामीले त सद्भाव युक्त भएर प्रयास गर्ने मात्र हो ।"

"मलाई त सारै बेमज्जा लाग्यो, सत्य विश्वदाइ ।" भन्तेले खिन्न हुदै भन्नु भयो ।

"त्यसमा बेमज्जा मान्नु पर्ने कुनै कारण नै छ

जस्तो मलाई लाग्दैन । उहाँ भन्तेहरू विदेशबाट धर्म पढेर आउनु भएकाहरू होलान् । अब यहाँ आएपछि व्यवहार पनि जान्नु हुनेहरू, त्यस पछि थाहा हुनेछ, सत्य धर्म प्रचार प्रसारमा व्यवहारिक ज्ञानमा कति अन्तर हुन्छ भन्ने कुरा । यी सबै समयले सिकाउने कुरा हुन् भन्ते, त्यसैले हाम्रा लक्षित चाहनाहरू पूरा भएनन् भन्दैमा दुखि हुनु, बेमज्जा मान्नु उचित हुँदैन ।"

"फेरि पनि !" उहाँले भन्नुभयो– "विश्वदाईले पहिलो पटक एउटा सहयोग माग्नु भएको म भिक्षु भएर पनि धर्म रक्षार्थ विश्वदाइले गर्नुभएको सद्प्रयासमा सहयोगी बन्ने अवसर पाउन सकिन, यसैमा मलाई बढी दुःख लागिरहेको छ ।"

"धन्ना मान्न पर्दैन भन्ते !" मैले दिलासा दिलाउँदै भनें "यस्ता प्रयास प्रयत्नहरू हामी फेरि गर्ने नै छौं । उहाँ भन्तेहरूले अलि ढीलो जानकारी गराउनु भयो ? सिघः विहार, धर्मकीर्ति विहार बुद्धविहार भृकुटी मण्डप, विश्वशान्ति विहार, धर्मोदय सभा र अनन्य बौद्ध व्यक्तित्वहरूले खुल्ला मनले यस कार्यलाई सघाई सकेका छन् । लौ त भनौं भने 'बुद्ध देवता होइनन्' पुस्तक प्रकाशनको तेस्रो हप्ता भित्रै पुगनपुग ८-९ सय प्रति विक्री भैसकेको छ । अब लगत्तै दोस्रो संस्करण प्रकाशनको छलफलमा हामी छौं । दोस्रो संस्करण प्रकाशित भएछ भने भन्तेज्यूहरूले भन्नु भएझैं यो प्रकाशनमा 'धर्मदान' भन्ने रहने छैन 'मूल्य' भनेरै कितान गरिनेछ । यो हामीले जोखाना गरिसकेका छौं । भन्ते यसतर्फ तपाईंले दुःख मनाउ गर्न पर्दैन बरु यी किताबहरू माणिक भाइसँग सम्पर्क राखि उनैलाई बुझाई दिनु होला । र छन् भने तपाइँका नयाँ निस्केका किताबहरू पनि पठाइदिनु होला यहाँ पुस्तकालयहरूका लागि माग भएका छन् ।" ल त भन्ते अहिले फोन राखौं ।"

संघरक्षित भन्तेसँग भएको टेलिफोन वार्ता पछि मनमा एकाएक विगतको एउटा घट्ना सम्झना आयो ! कुरा वि.सं. २०४९ सालको हो । उनताका पोखरामा विपश्यना साधना अभ्यासहरू हुने गरेका थिएनन् । एकाध पटक चर्चा परिचर्चा र छूटपुट साधना अभ्यास हुने गर्थे । वि.सं. २०४८ साल तिर भिक्षु सुभद्र मार्फत विपश्यना साधना सम्बन्धि पुस्तक 'आत्म दर्शन' हात लाग्यो । विपश्यना आचार्य कल्याणमित्र सत्यनारायण गोयन्का ज्यूले उक्त किताव लेख्नु भएको रहेछ । हामी विपश्यना सिक्न चाहने साधकहरूका लागि त्यो पुस्तक सारै उपयोगी हुने देखेर तत्काल त्यसको अनुवाद गरी प्रकाशन तयारीमा जुट्यौं । प्रकाशन खर्च जुटाउन श्रद्धेय भिक्षु सुभद्र लाग्नु भयो । अनुवादकको हैसियतले प्रकाशन अनुमति लिन म जुटें । प्रकाशक 'सस्ता साहित्य मण्डल, दिल्ली संग सम्पर्क स्थापित हुँदा काठमाडौं विपश्यना केन्द्रसँग सम्पर्क राख्न भनियो । काठमाडौंसंग सम्पर्क राख्दा उहाँहरू भित्र छलफल, बहस भएछ– विपश्यना साधनामा नलागेको व्यक्ति (साधनामा अभ्यस्त नभएको व्यक्ति) ले अनुवाद गरेको किताव प्रकाशित गर्ने अनुमति दिने कि नदिने ? पछि दिनेमा मत बढी भएछ । यसमा स्व. ईन्द्र नारायण मानन्धरका मत यस्तो रहन गएको रहेछ । उहाँको भनाई रहेछ– साधना नै नगरेकाव्यक्तिमा साधना प्रति यत्ति गहिरो धर्म सम्वेग छ र यही धर्म हेतु उनले यत्रो किताव अनुवाद गरेर पनि प्रकाशनका लागि ढोका ढक ढक्याई रहेछन् भने हामीले उनको र उनी भित्रको धर्मसंवेगको संरक्षण सम्बर्धन किन नगर्ने ? कोरा सैधान्तिक बहसमा लागेर उसको धर्म संवेग किन मार्ने ? भन्ने भए पछि किताव प्रकाशनको अनुमति प्राप्त भयो र इन्द्रनारायण मानन्धरज्यूले प्रकाशनमा आफ्ना मन्तव्य राखि सहयोग पनि गर्नु भयो । किताव निस्कने बेला सम्म मैले साधना अभ्यास गरेको थिइन । किताव निस्कने भएपछि म बाध्य भएँ र पहिलो पटक वि.सं. २०४९ साल कार्तिकमा १० दिवसीय विपश्यना साधनामा सरिक भएँ । त्यसै साल किताव पनि प्रकाशन भयो "विपश्यना साधना र आत्म दर्शन" । यो किताव प्रकाशन पछि गुरु दक्षिणाको रूपमा ५० प्रति धर्मश्रृंङ्ग ध्यान केन्द्रलाई दान दिएँ । मलाई लागेको थियो धर्मश्रृंङ्गमा आउने साधकहरूका लागि आफ्नै भाषामा

अनुवाद भएको यो कितावले सहयोग पुऱ्याउने छ र राम्रै विक्री हुनेछ । तर ती किवतावहरू विक्रीमा राखिएनन् । राख्दै राखिएनन् ।

वि.सं. २०५० सालमा स्वयम गोयन्कागुरुको सानिध्यमा धर्मश्रृंङ्गमा शिविर सञ्चालन भएको थियो । म पनि सहभागी हुने सौभाग्य पाएँ । शिविरको बीचमा थुप्रै साधकहरूले गोयन्का गूरुसँग प्रत्यक्ष भेट्ने सौभाग्य पाए । मैले पनि व्यवस्थापन र साधना आचार्यसँग पटक पटक याचना गरेको थिएँ । पोखरामा विपश्यना केन्द्र खोल्नेबारे गुरुसँग आशिर्वाद लिने उत्कट अभिलाषा मेरो थियो । यो बारे मैले साधना आचार्यसँग जाहेरी पनि गरेको थिएँ तर उहाँले सहजरूपमा केन्द्र खोल्ने सल्लाहको लागि हो भने रूपज्योतिहरूसँग कुरा गरे हुन्छ भनेर मेरो भावनात्मक आस्थालाई यत्ति हल्का रूपसँग लिइ दिए कि म भित्र भित्रै मर्माहत भएँ । साधनामा थिएँ फेरि आफै सम्हालिएं । र मनमनै अठोट गरें अब गोयन्का गुरूसँग भट्ने चाहनालाई यहीं अन्त गर्नुपर्छ । र मैले भावनात्मक रूपबाटै अन्त गरें र साधनामा जुटें ।

साधना सकियो । भोलिपल्ट विदाबारी हुने दिन रत्नमन्जरी गुरुमा टुप्लुक्क आइपुग्नु भयो ।" विश्वभाइ गुरुसँग भेट गर्नु भयो ?" गूरूमाले आउँदा आउँदै सोध्नु भयो । मैले भेटिनसकेको जानकारी दिएँ र भेट्न नचाहेको पनि बताएँ । उहाँ मान्नु भएन । तिमीले पनि गुरुलाई नभेटी हुन्छ भनेर आफै सक्रिय हुनु भयो र गूरूकहाँ लिएर जानु भयो । मैले साथमा गुरुको अनुवाद किताव "विपश्यना साधना र आत्म दर्शन' पनि लिएर गएको थिएँ । म सँगै विपश्यना केही सहायक आचार्यज्यूहरू पनि हुनुहुन्थ्यो । धर्मश्रृङ्गका उहाँहरू हर्ता कर्ता हुनुहुन्थ्यो । गुरुसँग भेट पछि केही साधनाका जिज्ञासा थिए कुरा भए ! गुरुको हातमा किताव राखिदिएँ । उहाँले साधुकार दिएर अनुमोदन गर्नु भयो । मैले किताव विक्री वितरण हुने नसकेको बारे चर्चा उठाएँ । गुरुले यसबारे मेरा दायाँ बायाँका सहायक आचार्यहरूसँग सोधनी गर्नुभयो । उहाँहरूले प्रकाशित कितावको अन्तमा किताव प्रकाशनलाई सहयोग गर्ने दाताहरूको नाम उल्लेख भएको र गुरुले दानमा कसैको नाम उल्लेख हुन नहुने निर्देशन भएको हुँदा हामीले यो किताव विक्री वितरणमा नल्याएको जानकारी दिए । उहाँहरूको जानकारी पछि गुरु हाँस्नु भयो र भन्नु भयो– "केही छैन, यो किताव राम्रो मनसायले प्रकाशित भएको छ । नामप्रचारको लोभले यो किताव प्रकाशित भएको छैन त्यसैले कुनै लालच विना पूर्वाग्रहरहित भएर गरिएका कामको मूल्याङ्कन हामीले गर्न जान्नु पर्छ । २।४ जना दाताहरूको नामले केही हुन्न यो प्रकाशकको कृतज्ञ भाव हो नाम प्रचारको लोभ होइन । त्यसैले विक्रीमा दिनु यसले पनि सबैको कल्याण नै गर्छ ।"

गुरुबाट यी कुरा भए पछि ती सहायक आचार्यज्यूहरू नतमस्तक हुनुभयो । गुरूसँग पोखरामा विपश्यना केन्द्र खोल्ने कुरा भयो, ठाऊँ सारै उपयुक्त भएको भन्ने सुनेको कुरा गुरुले गर्नु भयो । हाम्रो समय सकियो । दोस्रोपटक नेपाल आएछु भने एकपटक पोखरा आउने प्रयास गर्नेछु भन्ने आश्वासन दिनुभयो । थाहा छैन त्यो दिन आउँछ आउँदैन ।

गुरुसँगको भेटपछि व्यवस्थापकहरूले किताव विक्रीका लागि खुल्ला गरे सायद ! सम्भवत किताव सकियो पनि । पछि यो किताव सारै उपयोगी मानेर सहभागी एकजना साधक जो प्रेस मालिक थियो ले पुनः प्रकाशन गर्ने अनुमति गुरुसँग लिएर प्रकाशनको चाँजो मिलाई सकेको थियो । तर विपश्यना केन्द्रबाट के निर्देशन गयो कुन्नी प्रकाशन नगर्न आग्रह भएको जानकारी प्राप्त भयो ।

वि.सं. २०४९।०५० साल तिरको यो घटना र संघरक्षित भन्तेले 'धर्मदान' शब्दको कारणले मात्र "बुद्ध देवता होइनन्' किताव विक्री वितरण गर्न भन्तेहरूले नदिनु भएको भन्ने सुन्दा आज समाजमा जुन परम्परावादी बुद्ध धर्मको निर्वाह भैरहेको छ सायद यस्तै साधना पंडित र धर्म पंडितहरूकै नीति निर्देशको प्रतिफल पनि हो कि भन्ने मनमा कता कतै लाग्न थालेको छ । हुन सक्छ, यो मेरो आफ्नै अज्ञानता र अल्पवृद्धिको फल पनि । ■

# आधुनिक युग र बुद्ध शिक्षा

✍ भिक्षु अश्वघोष

आधुनिक युग भनेको नै वैज्ञानिक युग हो कि जस्तो लाग्छ । विज्ञानको आविष्कारले गर्दा नै बुद्ध शिक्षाको महत्व अझ बढेको देखिन्छ । किनभने, बुद्धको शिक्षामा ईश्वर, आत्मा, अन्धविश्वास र कर्मकाण्डलाई कुनै स्थान दिइएको छैन । अनुभवको आधारमा मात्र विश्वास गर्नुपर्ने कुराहरू बुद्ध शिक्षामा निहित छन् । त्यसैले, बुद्धको शिक्षालाई कुनै ठूलो विद्वानले भनेको र पुस्तकमा उल्लेखित भएको छ भन्दैमा बिना सोधपुछ स्वीकार गर्नुपर्छ भन्ने बाध्यता छैन । जसरी सुनारले सुन हो वा होइन भनी असली सुनलाई परीक्षा गर्दा कसीमा घोटेर र पोलेर जाँच्ने काम गर्छ, त्यसरी नै हामीले पनि कसैको शिक्षालाई अंगाल्नुभन्दा पहिले त्यस शिक्षालाई हाम्रो स्वतन्त्र बुद्धिरुपी कसीमा घोटेर ठीक ठानेमा मात्र त्यसलाई स्वीकार गर्नु योग्य हुन्छ भन्ने कुरा बुद्धको सिद्धान्तमा उल्लेख छ । त्यसैले हामीले भन्न सक्छौं- बुद्धको शिक्षा वैज्ञानिक शिक्षा हो ।

हामीले देख्दै र सुन्दै पनि आइरहेका छौं । हाम्रो समाजमा कुनै शिक्षाहरू यस्ता पनि छन्, जसलाई आफ्नो बुद्धिले जानेर होइन, त्यसलाई परम्परागत अनिवार्य धर्मको रुपमा मान्दै आइरहेको देखिन्छ । जुन धर्म ईश्वरको भरोसामा सुम्पिएका छन् । तर, बुद्धको शिक्षा अनुसार धर्म र अधर्म भनेको हाम्रो आ-आफ्नै आचरणमा भर पर्दछ । हरेक मानिस धार्मिक र अधार्मिक कार्यको लागि आफैं जिम्मेवार हुन्छन् । कसैको धार्मिक वा अधार्मिक कार्यमा अरु व्यक्ति जिम्मेवार हुन सक्दैन । धार्मिक बन्नको लागि सर्वप्रथम ज्ञानी व्यक्तिको सहयोग, अर्ती र ज्ञान बुद्धिको आवश्यक पर्छ । तर, जबसम्म त्यस ज्ञानलाई आफूले सुनेर, बुझेर आफ्नो भित्री हृदयदेखि महसुस गरी आफ्नो आचरणमा ढाल्न सक्दैन, तबसम्म अरुबाट पाएको ज्ञानले केही भलो हुन सक्दैन । त्यसैले अरुबाट सुनेको ठीक ज्ञानलाई ठीक तरीकाले बुझेर आफू पनि ज्ञानी नै बन्न सकेको खण्डमा मात्र त्यस ज्ञानबाट आफ्नो दुःख हटाउन सकिन्छ । त्यसैले हामी भन्न सक्छौं– आफ्नो भरोसा आफैं हो ।

बुद्धले २५०० वर्ष पहिले नै सम्बोधीज्ञान लाभ गर्नुभएको थियो । जसमा चार महत्वपूर्ण सत्यहरू संलग्न छन् । जसलाई चार आर्य सत्य अर्थात् चार उत्तम सत्य भनिन्छ । संक्षिप्तमा त्यस सत्यलाई दुःख र दुःखबाट मुक्ति भन्न सकिन्छ ।

अब बिचार गरौं-दुःखबाट कसरी मुक्ति पाउने त ? यसमा गौतम बुद्धले शील, समाधी र प्रज्ञा आदि तीन बुँदालाई अनुशहरण गर्न शिक्षा दिनुभएको थियो । यसमा आर्य अष्टाङ्गिक मार्ग समावेश भएको छ । आर्य शब्दको अर्थलाई हामीले राम्ररी बुझ्नु परेको छ । किनभने, यो शब्द कुनै जाती र साम्प्रदायिक शब्द होइन । आर्य अष्टाङ्गिक मार्ग भनेको नै आठ उत्तम मार्ग हो । जहाँसुकै जानको लागि पनि बाटोको आवश्यकता भएजस्तै दुःखबाट मुक्त हुनको लागि पनि बाटो नै चाहिन्छ । त्यसका लागि चाहिने बाटाहरू हुन्–

सम्यक दृष्टि र सम्यक संकल्प । यी दुई बाटालाई संक्षिप्तमा प्रज्ञा भनिन्छ । दोस्रोमा सम्यक वचन, सम्यक कर्मान्त र सम्यक आजीव आउँछन् । यी तीन बाटाहरूलाई संक्षिप्तमा शील भनिन्छ । शील पालन गर्नु भनेको नै आफ्नो आचरण शुद्ध गर्ने कार्यहरू अन्तरगत पर्दछ ।

तेस्रोमा सम्यक प्रयत्न सम्यक स्मृति र सम्यक समाधि पर्दछन् । यी तीन बाटाहरू समाधि अर्थात् चित्त एकाग्र गर्ने कार्य अन्तर्गत पर्न आउँछन् ।

दुःखबाट मुक्त हुनको लागि प्रज्ञा अर्थात् विवेक बुद्धि हुन जरुरी छ । अनि मात्र सम्यक दृष्टि र सम्यक संकल्प (ठीक समझदारी र सही सोचाई) को उपस्थिति

हुनेछ । सम्यक दृष्टि नभएसम्म दुःखबाट मुक्ति पाउन असम्भव नभएपनि गाह्रो चाहिं अवश्य पर्नेछ । किनभने, आफूलाई दुःख परेको बेला यदि आफूमा ठीक समझदारी हुन सकेमा मात्र त्यस घडीमा आफूलाई परेको दुःखको ठीक कारण पत्ता लगाउन सकिन्छ । किनभने, बिनाकारण केही पनि हुन सक्दैन । त्यसरी नै आफूमा सम्यक संकल्प अर्थात् ठीक सोचाई हुनासाथ दुःखकै कारणलाई झिकेर फाल्ने कोशिस गरिन्छ । तर, दुःखको कारण पत्ता नलागेसम्म दुःखबाट मुक्ति मिल्न सक्दैन । जोशको वसमा परी होश गुमाउनु हुदैन । यसको लागि सर्वप्रथम अहंकारलाई त्याग्न सक्नु पर्दछ । आजभोलि संसारमा जति पनि अशान्ति मच्चिरहेको छ, त्यसको प्रमुख कारण मानिसहरूमा ठीक समझदारी र ठीक सोचाइ हुन नसक्नाले नै हो । त्यतिमात्र होइन, तृष्णाको बसमा परी जति भए पनि नपुग्ने आशक्तिपनाले गर्दा पनि दुःखले सताइरहेको देखिन्छ ।

गौतम बुद्धले भन्नुभएको थियो- दुःखको कारण अज्ञानता, तृष्णा र आशक्ति हुन् । यसको साथै अपराधको कारण पनि अतृप्ति र गरीबी हो ।

बुद्ध धर्म सिंगै आध्यात्मिक र सिंगै भौतिकवाद होइन । किनभने, आध्यात्मिक उन्नति र शान्तिको लागि भौतिक साधन र राम्रो वातावरणको पनि सहयोग आवश्यक हुन्छ । उदाहरणको लागि सिद्धार्थले आफ्नो शरीरलाई कष्ट दिएर तपस्या गरेको बेला शरीर कमजोर भई आध्यात्मिक उन्नति हुन सकेन । अन्तमा तपस्या कार्य नै छोडी खाना खान शुरु गर्नु भएपछि मात्र बुद्धले शुद्ध ज्ञान लाभ गर्न सक्नुभयो ।

दुःखबाट मुक्त हुनको लागि सर्वप्रथम आचरण र चित्त शुद्ध हुनुपर्‍यो । संकीर्ण मनले सारा गतिविधि नै अशान्तिमा परिणत हुनेछ । त्यसैले बुद्धले धम्मपदमा भन्नुभएको छ–

**"मनसाचे पदुट्ठेन भासति वा करोति वा**
**ततोनं दुक्खमन्वेति चक्कं व वहतो पदं ।"**

अर्थात् दूषित मनले काम र कुरा गरेमा त्यसको पछि गोरुको पछि गर्‍हौं चक्का लागेर आएजस्तै दुःख पछि लागेर आउनेछ । त्यसको ठीक उल्टो-

**"मनसाचे पसन्नेन भासति वा करोति वा**
**ततो नं सुखमन्वेति छायाव अनपायिनि ।"**

अर्थात् प्रशन्न र राम्रो मनले गरेका काम कुराको फलस्वरूप अति हलुँगो छायाँ पछि लागेर आएजस्तै सुख पनि पछि-पछि लागेर आउनेछ । यसरी यहाँ सम्यक दृष्टि र सम्यक संकल्पको उपस्थिति भएको देखिन्छ ।

तर, आजभोलि मानिसहरू एकले अर्काको दोष र कमजोरी मात्र खोज्दै हिंड्छन् । यो आजको युगमा एक सरुवा रोगको रुपमा देखापरेको छ । बुद्धले भन्नुहुन्थ्यो–

**"न परेसं विलोमानि न परेसं कता कतं**
**अत्तनोव अवेक्खेय्यो कतानि अकतानि च ।"**

अर्थात्, अर्काले के गर्‍यो, के गरेन भनी खोज्दै हिंड्नुको बदला आफूबाट के कस्ता कर्तव्यहरू पालन भयो वा भएन भन्नेबारे चिन्तना गर्नु जाती हुनेछ । त्यसैले आफूले आफैंलाई सही दिशामा लान आफ्नो आत्मालोचना गर्न सक्नुपर्छ । अर्थात् आफ्नो गल्तीलाई महसुस गर्न सक्नु पर्दछ । कसैलाई सुधार्नको लागि उसको दोष खोज्दै दोष देखाउँदै आलोचना गर्नेतिर लाग्नुभन्दा उसलाई मत्रीपूर्वक सही सुझाव दिनु राम्रो हुनेछ ।

आजभोलिको संसारमा अशान्तिको मूल कारण भइरहेको अहंकारलाई हटाउन बुद्धको शिक्षा, आर्य अष्टाङ्गिक मार्ग, सम्यक दृष्टि र सम्यक संकल्प, ठीक समझदारी र ठीक सोचाई आदि हुनु नितान्त आवश्यक देखिन्छ । यसको लागि सर्वप्रथम मानिसहरूमा नियत ठीक हुनुपर्‍यो । नियत ठीक भएन भने, सबै काम बिग्रिन्छ । नियत ठीक भएमा मात्र सबै दुःख आफैं हराएर जानेछ । अनि मात्र शान्तिले स्थान ओगट्नेछ । यसलाई नै आधुनिक युगलाई बुद्धको सन्देश मान्न सकिन्छ ।

*(साभार: 'दृष्टि' साप्ताहिक; वर्ष-१४; अंक-४; २०५३ मंसीर १८ गते, मंगलबार)*

# श्रमण नारद

*लेखक:* श्रीयुक्त नाथुराम प्रेमी
*अनुवादक:* प्रकाश बज्राचार्य

{ एक }

आज म पाठकवर्गहरूलाई त्यसबेलाको कुरो सुनाउँदैछु जुनबेला कि भारतवर्ष उन्नतिको शिखरमा पुगेको थियो र जनता धेरै खुशी एवं आनन्दित थिए । त्यसबेलाका मान्छेहरू सबै जसो स्वाधीन, सुखी, सदाचारी तथा शान्त थिए; धनी गण्यमाण्यहरू उद्योगी एवं ज्ञानी थिए; त्यतिमात्रै होइन, विदेशीहरूको अगाडि क्षमा, दया, परोपकार आदि सद्गुणहरूको आदर्श बनेका थिए । त्यसबेला यहाँका व्यापारीहरू टाढा टाढाका देश एवं द्विपहरूमा व्यापार गर्न जान्थे, त्यस्तै क्यौं विदेशी व्यापारीहरू पनि भारतका मुख्य मुख्य शहरहरूमा देखिन्थे । आजभोलिका कलकत्ता र बम्बई जस्ता उन्नत शहरहरू त्यतिबेला थुप्रै थिए । त्यसैले व्यापार क्षेत्रमा प्रशस्त चहलपहल थियो। स-साना शहर एवं गाउँहरूको व्यवस्था पनि राम्रो थियो। जनजीवन धेरै सुखी र शान्त थियो।

बौद्ध धर्मको प्रचार भइरहेको समय थियो । सबैजसो ठाउँहरूमा भगवान बुद्धका पवित्रता, शान्ति र दयाले भरेको शिक्षाको सङ्गीत फैलिरहेको थियो। ठूलठूला राजा महाराजाहरू र धनी महाजनहरू बुद्ध धर्म प्रचार गर्नमा दृढ चित्त भई लागिरहेका थिए । हजारौं बौद्ध श्रमणहरू (भिक्षुहरू) सबैजसो ठाउँहरूमा देखिन्थे ।

बाराणसीतिर गइरहेको घोडेटो बाटोमा एउटा बग्गी दौडिरहेको थियो। घोडाहरू बेस्सरी दौडदै थिए। त्यस बग्गीमा जम्मा दुई जाना मात्रै मान्छेहरू थिए- एकजना बग्गीको मालिक र अर्को नोकर। मालिकको वस्त्र हेर्दा ऊ एक धनी व्यापारी जस्तो देखिन्थ्यो। अनुहार हेर्दा ऊ गन्तव्य ठाउँमा पुगन हतार देखिन्थ्यो।

भरखरै मात्रै घनघोर पानी परेको हुँदा चिसो बतास चलिरहेको थियो। बादल हटेकोले घाम लाग्यो। त्यसले गर्दा दिन धेरै रमाइलो लागिरहेको थियो। रूखका पातहरू पानी परेकोले सफा थिए र साथै हावाको संगसंगै चञ्चलपन देखाइरहेको थियो । प्रकृतिले एक अनौठो शोभा प्रदर्शित गर्दै थियो ।

अगाडि उकालो चढ्नु परेकोले घोडा बिस्तारै गइरहेको बेला धनी साहुले बाटोको एकातिर लागेर एक जना श्रमण (भिक्षु) हिडिरहेको देखे । उसको अनुहारमा शान्ति, पवित्रता र गम्भीरपन झल्किन्थ्यो । उसलाई देख्नासाथै सेठको मनमा श्रद्धा उत्पन्न भयो । उसले विचार गऱ्यो, "अहा ! यो व्यक्ति त हेर्दाखेरि नै एक ठूलो महापुरुष, पवित्रताको मूर्ति र धर्मको अवतार देखिन्छ । सज्जनहरूको सङ्गतलाई विद्वानहरूले पारसमणीसंग तुलना गरेको छ । जसरी पारसको संयोगले फलाम पनि सुन बन्दछ, त्यसरी नै सज्जनहरूको समागमले भाग्यहीनहरू पनि सुलक्षणी एवं भाग्यवान बन्दछन् । यदि यो भिक्षु पनि बनारस जाने भए र मेरो बग्गीमा बसिदिनु भए बेश हुनेछ । अनि यो भिक्षुको सत्संग गर्न पाइने छ जसले गर्दा म अवश्य लाभान्वित हुनेछु ।" यसरी विचार गरेर उक्त सेठले श्रमण महात्मालाई प्रणाम गऱ्यो र अनि बग्गीमा बस्नुहुन प्रार्थना गऱ्यो । उक्त भिक्षुलाई पनि बनारसमै जानु परेको हुनाले उहाँ बग्गीमै बस्नु भयो र भन्नु भयो, "तपाईंले मलाई ठूलो उपकार गर्नु भयो । यसको लागि म कृतज्ञ भएँ । टाढादेखि नै हिंडेर आइराखेकोले धेरै थाकिसकेको छ । तपाईंलाई थाहा छँदैछ कि भिक्षुहरूसँग यस्ता केही वस्तु हुँदैनन् जुन दिएर तपाईंको उपकारको ऋण तिर्न सकोस् । त्यसो भएता पनि महापुरुष भगवान बुद्धका उपदेश र शिक्षाका भण्डारमा सञ्चित कुनै कुरो तपाईंलाई मनपरेको भए त्यही दिएर तपाईंको उपकारको ऋण तिर्नेछु ।"

सेठ खुशी भयो । बाटोभरी आनन्दपूर्वक समय बित्दै गयो । श्रमणको अमूल्य रत्नरुपी उपदेशलाई अगाढ श्रद्धा राखी मनन गरेर लियो । बग्गी दौड्दै थियो। एक घण्टा भन्दा बढि बितिसकेपछि एउटा हिले गल्लीमा पुग्यो जहाँ एउटा अर्को गाडा रोकी राखेकोले

बाटो बन्द थियो ।

त्यो गाडा देवल नाम गरेको एकजना किसानको रहेछ । त्यो किसानलाई पनि गाडाभरि चामल लिएर चाँडै नै बनारस पुग्नु परेको रहेछ । गाडाको धुरीमा रहेको एक किला खुस्कनाले पांग्रा (चक्का) फुस्केछ । देवल एक्लै रहेछ । त्यसैले जतिसुकै प्रयास गरेतापनि उसले चक्कालाई गाडासंग जोड्न सकेन ।

यतापट्टि त्यो किसानको गाडालाई नहटाइकन आफू जान नसक्ने देखेर सेठलाई रिस उठचो । उसले आफ्नो नोकरलाई अह्रायो, "तँ गएर त्यो किसानको चामल जम्मै मिल्काएर गाडालाई एकातिर पंछाइदे, बग्गीलाई अगाडि बढाऊ ।"

किसानले कोमल स्वरले अनुरोध गरे, "साहुजी ! म एक गरीब किसान हुँ । पानी परेकोले बाटोमा हिलो छ । मेरो चामलको पोको भूइँमा फालिदिनु भयो भने चामल बिग्रने छ । तपाईं एकैछिन पर्खनोस्, म तुरुन्तै गाडालाई ठीक गर्दछु, अनि यो साँघुरो ठाउँबाट पर लगी तपाईंलाई बाटो छाडि दिन्छु ।" तर सेठले त्यो गरीबको प्रार्थनालाई वास्तै गरेन । उसले रिसाएर आफ्नो नोकर लाई भन्यो,- "के हेरिराखेको ? मैले भनेको जस्तो गरेर चाँडै बग्गीलाई अगाडि बढाऊ ।" नोकरले सेठको आज्ञानुसार तुरुन्त चामलको पोकालाई फालेर किसानको गाडालाई एकातिर पछ्याएर सेठको बग्गी अगाडि बढचो ।

धिक्कार ! यो संसारमा गरीबलाई मद्दत दिने कोही छैन । आफ्नो कुनै स्वार्थको लागि अरूको सर्वश्व नष्ट गर्ने धन कुबेरहरू त्यो बेलामा पनि कम थिएन । गरीबको रक्षकको साटो भक्षक हुने धनीवर्ग यस संसारमा कहिल्यै खालि भएको छैन, सायद भविष्यमा पनि हुँदैन होला । तर यो अवश्य हो कि त्यो बेला भिक्षुहरूको दयामयी हात गरीबहरूलाई सहयोग र मद्दत दिन तत्पर थिए । उहाँहरू धार्मिक विवादबाट टाढा थिए । सदैव मानव मात्रको हित गर्नमा ध्यान दिन्थे । उहाँहरूले आफ्ना शरीर, वचन र मनलाई परोपकार गर्नमा लगाइराखेको थियो ।

सेठको बग्गी अगाडि बढाउनासाथ श्रमण (भिक्षु) नारद बग्गीबाट उफ्रेर तल ओर्लिए, अनि भने, - "सेठ ! माफ गर्नोस् अब तपाईंसँग आउन सक्दिन । आफ्नो विवेक बुद्धिले तपाईंले मलाई यहाँसम्म बग्गीमा राखेर ल्याउनु भयो, यसले गरेर मेरो थकाई मेटचो । मेरो तपाईंहरूसँगै जाने इच्छा त छ, तर तपाईंले जुन किसानको गाडालाई पल्टाएर एकातिर पंछचाएर आफु अगाडि बढ्नु भयो त्यो किसान तपाईंको आफ्नै नाता पर्ने हो । तपाईंकै पूर्वजन्मको अवतार सम्झदैं छु । त्यसैले जुन तपाईंले मलाई बग्गीमा राखेर उपकार गर्नुभयो त्यसको बदला तपाईंको नाता पर्ने त्यो किसानलाई मद्दत दिएर तिर्नेछु । यस कामले उनलाई केही लाभ भएमा तपाईंलाई पनि लाभ हुनेछ, फाइदा हुनेछ । त्यो किसानको भाग्यसँगै तपाईंको पनि शुभ हुने सम्बन्ध छ । तपाईंले त्यो किसानलाई धेरै दु:ख दिनु भयो । मेरो विचारमा यसले गरेर तपाईंलाई धेरै नोक्सान भयो । त्यसैले यो मेरो कर्तव्य हो कि तपाईंलाई अहित हुने र अलाभ हुने कामबाट बचाउनको लागि मैले सकेजति त्यो असरण किसानलाई मद्दत दिउँ ।"

सेठले श्रमण (भिक्षु) को भित्री हृदय देखिको दयामयी कुरोलाई वास्ता गरेन, ध्यान दिएन । त्यो सेठले विचार गऱ्यो कि यो श्रमण अति नै धर्मात्मा भयो । त्यसैले उसले किसानलाई उपकार गर्न लागेको । त्यहाँबाट सेठ सरासर अगाडि बढचो ।

## { दुई }

श्रमण नारद किसानकहाँ गएर दु:ख-सुखको कुरा गर्दै पोखेको चामल जम्मै बटुलिदिए र बिग्रेको गाडा पनि मिलाइदिए । दुवैको परिश्रम (उत्साह) ले काम चाँडै सकियो । किसानले विचार गऱ्यो, "साँच्चै नै यो भिक्षु त एक ठूलो परोपकारी महात्मा हुनुहुन्छ । कस्तो आश्चर्य ! मेरो भाग्यले एक अदृश्य देउता नै श्रमणको भेषमा आएर मलाई मद्दत गर्न आएको जस्तो छ ! मेरो काम पनि कति चाँडै सकियो । मलाई नै आश्चर्य लाग्छ ।" उसले डराउँदै सोध्यो, "श्रमण महाराज ! जहासम्म मलाई लाग्छ मैले त्यो सेठको केही बिगारेको

छैन, कसैले उसलाई बिगारेको छैन, तैपनि उसले मलाई किन अन्याय गरेको ? यसको कुनै कारण होला कि ?"

श्रमणले भने,- "दाजु, अहिले तिमीले जुन भोग गरिराख्नु भएको छ त्यो सबै तिमीले गरिराखेको पूर्वकर्मको फल हो । पहिले जुन बीउ रोप्नु भएको थियो, त्यसैको फल तपाईंले भोग्दै हुनुहुन्छ ।"

किसानले सोध्यो, के हो कर्म भनेको ?"

श्रमणले भने,– "सोझै भन्ने हो भने मान्छेका काम नै उसको कर्म हो । मान्छेको कर्म पूर्वजन्ममा गरिराखेको कर्मको एक सम्बन्धी हो । यो सम्बन्ध मनको स्वभाव जुन अनेक प्रकारका कर्म छन् तिनीहरू वर्तमान क्रिया र विचारले धेरै बदल्न सक्छन् । हामी सबैले पहिले जुन असल र खराब काम गरेका हुन्, त्यसको फल अहिले हामीले भोग्दैछौं । फेरि अहिले जुन हामीले काम गरिरहेका छौं, त्यसको फल पछि भोग्नु पर्नेछ ।"

किसानले भन्यो, "तपाईंले भन्नु भएको ठीकै हुन सक्दछ । तर त्यस्ता घमण्डी र दुष्टले हामी जस्ता असरण गरीबहरूलाई यसरी विनाकारण दुःख कष्ट दिई अन्याय गर्दछन्, यसको लागि हामीले के गर्नु पर्ला ?"

श्रमणले भने, "दाजु, मैले हेर्दा तिम्रो विचार पनि उही सेठको जस्तै भयो (तिमी र सेठमा फरक देखिदैन) । जुन कर्मले ऊ आज महाजन बन्यो र तिमी किसान बन्यौ, यद्यपि बाहिरबाट हेर्दा कर्मफलमा धेरै फरक देखिन्छ तर भित्रको ज्ञानले हेर्दा त्यत्तिको फरक छैन । जहाँसम्म मलाई मानिसको मानसिक विचारको बारेमा ज्ञान छ वा अनुभव छ त्यसको अनुसार म भन्न सक्दछु कि यदि तिमी पनि सेठ भएको भए वा उसको ठाउँमा तिमी भए तिमीसँग पनि उसको जस्तै एक बरिष्ठ नोकर हुने थियो होला, अनि फेरि जसरी तिम्रो गाडाले उसको बाटो छेकेको थियो त्यस्तै उसको गाडाले पनि तिम्रो बाटो छेकिदिएको भए तिमीले पनि उसले जस्तै नगरी छाड्दैनथ्यो । उसको चामल पनि यताउति छरिदिने थियौ, त्यसो गरेर पनि तिमीलाई कत्ति पनि चित्त दुख्दैनथ्यो । त्यसबेला तिमीले यो विचार गर्दैनौ कि कसैलाई बिगार्दैमा आफूलाई भलो हुँदैन ।"

किसानले भन्यो,- 'भन्ते ! तपाईले साँचो कुरो बोल्नु भयो । म पनि धनी भएको भए ऊ भन्दा कम हुने थिइन । तर तपाईंले विनाकारणले भलो गर्नु भयो, तपाईंले मलाई निस्वार्थ भावले उपकार गर्नु भयो । मेरो माल बिग्रनबाट बचाउनु भयो; फेरि मेरो बिग्रीराखेको गाडा बनाउन पनि मद्दत गरेर बाटोमा राख्न ल्याउनु भयो । तपाईंको यो सहयोग देखेर मेरो पनि मनमा उठ्यो कि मैले पनि आफ्ना छरछिमेकीलाई केही सहयोग दिएर राम्रो व्यवहार गरेर देखाउँछु अनि आफ्नो शक्ति अनुसार उनीहरूको भलो हुने काममा लाग्दछु ।"

गाडा तैयार भएकोले किसानले आफ्नो बाटो तताए । अलि पर पुग्ना साथै उसको गाडा तानिरहेका दुवै बैलहरू भस्क्यो । किसान पनि डराएर चिच्यायो, "अहो ! अगाडि त कति डरलाग्दो साँप बसिरहेको !" भिक्षुले ध्यानपूर्वक हेर्दा त पैसाको थैलो झुण्डिएको कमरपेटी पो रै छ । उहाँ गाडाबाट ओर्लेर हातमा लिएर हेर्दा त पैसाले भरेको थैलो झुण्डिएको पेटी रहेछ । त्यो पैसाको थैलो पक्कै पनि त्यो सेठको हुनुपर्दछ भन्ने उहाँलाई विश्वास भयो । त्यो पैसाको थैलो लिएर किसानको हातमा राख्दै उहाले भन्नुभयो,– "तिमी बनारस पुग्नासाथै यो पैसाको थैलो सेठको घर खोजेर उसलाई दिनु । त्यो सेठको नाम हो पाण्डु र उसको नोकरको नाम महादत्त हो । यति गरिसकेपछि उसले जुन तिमीलाई भर्खर गरेर गएको कुकर्म हो त्यो अन्यायी कर्मको पश्चाताप उसलाई हुनेछ । यो दिइसकेपछि यो पनि भन्नु- तपाईंले मलाई जुन अभद्र व्यवहार गर्नुभयो त्यो सबै बिर्सेर मैले क्षमा गरें । यो पनि मेरो शुभकामना छ कि तपाईंको व्यापार फलोस् फुलोस् ।" भिक्षुले फेरि भन्नु भयो, "तिम्रो भाग्य नै उसको व्यापार राम्रो हुनुमा निर्भर छ, त्यसैले मैले यो कुरा तिमीलाई भनेको हुँ जति जति उसको व्यापारमा उन्नति हुन्छ त्यति त्यति नै तिम्रो भाग्य पनि खुल्ने छ ।"

त्यसपछि परोपकारको मूर्ति तथा दूरदर्शी श्रमणले यही विचार गरिराखे कि यदि त्यो धनी सेठ मकहाँ आएमा मैले सकेजति उसलाई उपकार

गरिदिने छु । उपदेश दिएर उसलाई साँचो अर्थमा मान्छे बनाइ दिनेछु ।

## { तीन }

बनारसमा मल्लिक भन्ने एकजना व्यापारी रहेछ । ऊ पाण्डु सेठको ठेकेदार साथी रहेछ । पाण्डु सेठको घर गएर मल्लिक बेस्सरी रूदै भन्यो, "मित्र ! म ठूलो आपतमा परेछु । अब म तिमीसँग व्यापार गर्न सकुँला भन्ने आशा छैन । मैले राजालाई असल चामल दिन्छु भनी ठेका लिएको छु । भोलि त चामल पुऱ्याउनु पर्ने भइसक्यो । भोलि बिहान सबेरै मैले त्यहाँ चामल नपुऱ्याइ हुँदैन । भोलि बिहान सबेरै मैले त्यहाँ चामल नपुऱ्याइ हुँदैन । तर के गर्ने ? मसँग एक गेडा चामल छैन । कतैबाट पाउने बाटो पनि छैन । किनकि यहाँ एक जना बलियो व्यापारी शत्रु (प्रतिद्वन्दी) छ । मैले राजालाई चामल दिने ठेक्का लिएको उसले चाल पाएछ । त्यसैले उसले बढि पैसा तिरेर यहाँका गाउँ र शहरमा भएको चामल जम्मै आफूले किनिसक्यो । राजाको खाद्य भण्डारीलाई पनि घूस ख्वाइराखेको जस्तो छ । त्यसैले भोलि मलाई शुभ हुने छैन । मेरो इज्जत जाने भयो । भाग्यले मलाई सहायता दिएर अर्को एक गाडा भरि चामल कहींबाट आइपुगेमा मेरो बच्ने आशा छ, नत्र म त मर्ने भएँ ।" मल्लिकले यसरी दुःखको कुरो सुनाउँदै थियो, पाण्डु सेठलाई आफ्नो पैसाको थैलोको सम्झना भयो । उसले हडबडाएर चारैतिर खोज्न शुरू गऱ्यो । सन्दुस बग्गी आदि जम्मै ठाउँमा खोज तलाश गर्दा पनि पैसाको थैलो भेट्टाएन । मेरो नोकर महादत्तले नै पैसाको थैलो लिएको हुनु पर्दछ भनी साहुलाई शङ्का लाग्यो । अनि के चाहिन्छ र, साहुले पुलिस बोलाएर पक्रन लगायो । (साहुले भनिसकेपछि कहाँ बच्छ र ?) चोरेर लिएको हुँ भन्ने स्वीकार गर्न लगाउनलाई यमदूत जस्तै डरलाग्दा पुलिसहरूले महादत्तलाई सास्ति गर्न थाले । सहनै नसक्ने गरिकन कुटे । ऊ वेदनाले टछपटिंदै रोएर भने, "म निर्दोष छु, मैले पैसाको थैलो चोरेको छैन । मलाई छाडि देऊ, मलाई माफ गर, मैले सहन सकिन, अय्या बाबा ! अहो ! मर्न लागें ! म गरीबलाई दया गर । मैले चोरेको छैन । मैले पहिले कुन पाप गरेकोले यो सास्ति खानु पऱ्यो ! के गरेर आएको पापले यो दुःख भोग्नु पऱ्यो । साहुको कुरो सुनेर मैले त्यो किसानलाई सास्ति गरेको थिएँ, अवश्यै पनि त्यही पापको फल भोग्नु परेको होला । विना कारण मैले किसानलाई दुःख दिएँ- मलाई माफ गर । सत्य पनि उसलाई सास्ती गरेको पापले अहिले यो दुःख भोग्नु पऱ्यो ।"

महादत्तले पश्चाताप गरेतापनि पुलिसले ध्यान दिएन, वास्ता नगरीकन दया नराखीकन पिट्दै गरे । त्यति नै बेला देवल किसान त्यहाँ टुप्लुक्क आइपुग्यो । सबैलाई चकित पार्दै उसले हराइराखेको पैसाको थैलो पाण्डु सेठको अगाडि राखिदियो । सेठलाई क्षमा पनि दियो र साथै शुभकामना पनि ।

महादत्तलाई छाडिदियो । आफ्नो मालिक देखी धेरै रीस उठयो उसलाई । एकछिन पनि त्यहाँ नबसी बेपत्ता हुने गरी बाटो तताया ।

उता मल्लिकले थाहा पायो कि देवलले एक गाडा असल चामल ल्याएको छ भनेर । ऊ तुरन्त त्यहाँ गई देवलले भने जति दाम तिरेर चामल किन्यो । अनि आफूले कबुल गरे जस्तै ठेक्का लिइराखेको चामल राजाकहाँ समय मै पुऱ्याइदियो । देवलले सपनामा पनि यति पैसा पाउँछु भन्ने सोचेको थिएन । आफूले चिताएको भन्दा बढि पैसा लिएर चामल बेचेर आफ्नो घर फर्क्यो ।

पाण्डु सेठ पनि आफ्नो साथीको विपत्ति हटेको र आफ्नो हराएको पैसाको थैलो पनि पाएकोमा खुब खुशी भयो । उसले विचार गऱ्यो कि "त्यो किसान यहाँ नआएको भए न मित्र मल्लिकको दुःख पीर हट्ने थियो न मेरो हराएको पैसाको थैलो नै फेला पर्ने थियो । त्यो किसान त धेरै इमान्दार र असल रहेछ । मैले त्यतिको दुःख दिंदा पनि झन उल्टो उसले मलाई उपकार गऱ्यो । कस्तो अचम्म ! त्यस्ता साधारण अनपढ किसानले यस्तो गुण र सदाचार कसरी सिक्यो ? त्यही श्रमण महात्माको प्रभाव वा आशीर्वाद नै हुनुपर्दछ । फलामलाई सुन बनाउने शक्ति पारसमा बाहेक अरू के मा हुन्छ र ?" यसो विचार गरिरहेको सेठलाई श्रमण नारद भेट्ने ठूलो रहर लाग्यो । उनी तुरन्तै गएर बौद्ध भिक्षुहरू बस्ने विहारहरूमा खोज तलास गर्दै नारद भिक्षुलाई भेट्न गए ।

*क्रमशः*

जातककथा

# मौकाको बुद्धि

✍ भिक्षु संघरक्षित, संघाराम

एक समयको कुरा हो । त्यसबेला बोधिसत्व बट्टाईको रुपमा जन्मेको थियो । ऊ आफ्ना इष्ट-मित्र बट्टाईंहरूको बिचमा सुखपूर्वक बसिराखेको थियो । त्यसै प्रदेशमा एक जना शिकारी बस्दथ्यो । ऊ बट्टाईहरूलाई कुनै तरिकाले समाउने गर्दथ्यो । ती बटाईहरूलाई उसले घरमा ल्याउथ्यो र त्यसैलाई बेचेर ऊ आफ्नो जीविका चलाउँथ्यो ।

एकदिन त्यो शिकारीले धेरै बट्टाईहरूलाई आफ्नो जालोमा पा¥यो । उसले समातेको बट्टाईहरूमा बोधिसत्त्व पनि प¥यो । सबैलाई पिंजरामा हालेर ऊ घरतिर फर्क्यो । उसले घरमा ल्याएर सबैलाई चारा हालिदियो । सबैले मिठो मानेर खाए तर बोधिसत्त्वले खाएन । उसले विचार ग¥यो– "यदि मैले यो चारो खाएमा म छिट्टै मोटाउने छु । यसो भएमा मलाई चाँडै अरुले किनेर लानेछ र मेरो ज्यान छिट्टै जानेछ । बरु चारो नखाएमा म दुब्लो-पातलो हुनेछु । अनि मलाई कसैले लानेछैन । यसबाट मेरो ज्यान बचिरहने छ ।"

शिकारीको चारो खाएर बटाईंहरू ठूलो र मोटो भएर आयो । मान्छेहरूले ती वट्टाईहरूलाई छिट्टै किनेर लगे । यसरी, केही दिनभित्रै बोधिसत्त्व एकजना बाहेक सबैलाई मान्छेहरूले किनेर लगे । उनीहरूले वट्टाईहरूलाई मारेर आफ्नो आहारा बनाए । ती बटाईहरू छिट्टै मरे ।

उता पिंजरामा अब बोधिसत्त्व बट्टाई एकजनामात्र बाँकी रह्यो । त्यो साह्रै दुब्लाएको हुँदा कसैले पनि लगेको थिएन । शिकारीले विचार ग¥यो– "के भयो होला यो बट्टाईलाई, चारो पनि खाँदैन । दिनानुदिन दुब्लाउँदै पो गएको छ ।" शिकारीले बोधिसत्त्व बट्टाईलाई पिंजराबाट झिक्यो । अनि उसले आफ्नो हातमा राखेर ओल्टाईपोल्टाई हेर्न थाल्यो । बोधिसत्त्वलाई मौका पाइहाल्यो । ऊ शिकारीको हातबाट भुर्र उडेर गयो । एकैछिनमा त्यो नदेखिने भयो । शिकारी भने जिल्ल परेर हेरेको हेरैकै गर्न थाल्यो ।

बोधिसत्त्व बट्टाईं धेरै दिनपछि जंगलमा फर्केर आएको देखेर सबै खुशी भए । उनीहरूले बोधिसत्त्वलाई सोधे पनि– "हे मित्र ! तिमी कहाँ हराइरहेका थियौं ? हामीले तिमिलाई नदेखेको त धेरै दिन पो भयो त ।" त्यसपछि बोधिसत्त्वले सबैलाई भएको कुरा विस्तारपूर्वक सुनायो । अनि सन्तुष्ट हुँदै उसले सबैलाई सुनायो– "हे मित्रहरू ! आफ्नो बुद्धिले चिन्तना नगरी, बन्धनमा प¥यो भनी शोकमात्र गरी कोही पनि मुक्त हुने छैन । उचित समयमा उचित किसिमले उचित बुद्धिको प्रयोग गरी उपाय गर्नाले नै बन्धनबाट मुक्त हुन सक्नेछ ।" त्यहाँ भएका सबै बट्टाईहरूले बोधिसत्त्वको साहस, धैर्य र बुद्धि देखेर खुशी हुँदै एकै स्वरमा भन्नथाले– "अबदेखि हामी पनि समस्या आइपर्दा आत्तिएर होइन, धैर्यताले बुद्धिपूर्वक काम गर्नेछ ।"

*स्रोतः वट्टक जातक*

## गज्योगु झीगु जिन्दगी ?

✍ रामभक्त प्रधान, बनेपा

झीगु जिन्दगी गज्योगु,
जन्म जुइवं छु जुया वैगु,
आतक छुं हे मती मलूगु,
जुया वै च्वंगु झीगु जिन्दगी,

मिखां खंगु फुक मालावैगु,
थ्व ज्यू मज्यू धयागु मस्यूगु,
न्ह्यागुनं थ:त माला च्वनीगु,
द:लिसे दु:खजुइधका मस्यूगु

गज्यागु थ्व मनुष्य चोला
थ: जक कतिलाकेगु स्वैगु,
सुखमय जिन्दगी हनेगु
मनं तुना झन दु:ख सिये मालीगु,

नय् त्वने माला धर्म मसिया च्वंगु,
थ: काय् म्ह्याय् दया नं सुख मस्यूगु,
झीगु इच्छा झीगु बानि गज्योगु,
आतक म्वाना च्वनां छुं मथूगु

सुखया लागी मदयक मगागु,
बुद्धं धया बिज्यागु सन्तोषी,
जुइ फुसा सदां सुखी,
न्ह्याबले लुमंके मागु झीसं ।

# "आधुनिक विज्ञानया मिखाय् बुद्ध धर्म" छपुल्पु ।

✍ प्रकाश

विज्ञान व प्रविधिया विकासं पर्व: च्वकाय् थ्यूगु थौंया युगे मानव समाजया प्रत्येक क्षेत्र व मानव जीवनया प्रत्येक पक्षे विज्ञानं तच्व:गु म्हुया छ्वये मफैकथंयागु छाप व प्रभाव लाका च्वने धुंकूगुलिं थौंया युग धात्थें धाय् माल धा:सा वैज्ञानिक चिन्तन, वैज्ञानिक दृष्टिकोण व वैकज्ञानिक आविष्कारया युग सिद्ध जुया च्वंगु दु । विज्ञान व प्रविधि यागु न्हिथं पिदना च्वंगु तनं तँ च्वन्ह्याना च्वंगु अनुसन्धान, अध्ययन, उपलब्धि व प्रयोगं स्वीकार समर्थन वा सहमति व्यक्त याये मफइगु छुं नं किसिमयागु धार्मिक मत, वाद, दर्शन, सिद्धान्त नीति, आचार, विचार, जीवन पद्धति व आस्था एवम् विश्वास यात थौंया युगया दुपिं बुद्धिजीवीपिसं अथें मानवोपयोगी, जीवनोपयोगी व मानव समाज सभ्यता व सुसंस्कृतिया निमित ज्या ख्यले जूगु सत्य तथ्य ख: धका: ग्रहण वा स्वीकार याना: नाला कायेत न्ह्यचिली मखुगु स्थिति जुया वया च्वन । विज्ञानं खण्डन हे याये धुंकूगु को पुलांगु आस्था, निस्था, आचार-विचार, सिद्धान्त व वाद यागु मान्यताया खँ ला हाकुं तिना: वाँछोया ब्यूसां ज्यूगु जुल ।

शाक्यमुनि बुद्धया उदय जूगु ईशापूर्व खुस:दँ न्हय: या ईले थें थौंया वैज्ञानिक युगया ईले नं विज्ञमनूनयेके छुं गुगुं कथंया पूर्वाग्रह व दुराग्रहस प्यप्पुना मच्वंसे स्वतन्त्र विचारं सम्पूर्ण प्रति स्थापित सिद्धान्त तयेगु जाँच व परीक्षण यासे थ:गु हे उन्नत विवेकया कसी च्वत्तु च्वला: थ:गु हे अनुभवया मी खारे याना: अनन्त प्रयोगं सत्य सिद्ध जूगु तथ्य यात जक थ:पिसं जीवने नालेगु, छ्यलेगु प्रवृति व मनोवृत्ति लना वयाच्वंगु दु । आधुनिक विज्ञान व प्रविधिया विकासं मनूतय्गु जीवन शैली हया ब्यूगु ह्यूपा: या चिं स: थ्व, दसु ख: थ्व ।

परम्परागत धर्म व दर्शनया ख्यले नं थ:पिनिगु पुलां पुलांगु धर्म शास्त्र व ग्रन्थे च्वया त:गु दुज धायवं उत्ती यात वैज्ञानिक ढंगं जांचे मयायेकं थौंया विज्ञ मनूत माने यायेत तयार खने मदु । उकिं धर्म व दर्शनया पक्षधर पिसं नं थ:पिसं प्रचार प्रसार याना बया च्वनागु धर्म, मत वा सिद्धान्त यात वैज्ञानिक ढंगं जाँच याना: सत्य तथ्य सिद्ध याये फय्के मालाच्वंगु दुसा आधुनिक विज्ञान व प्रविधिया पक्षधरपिसं नं विज्ञान व प्रविधिं मानव समाज व मानव जीवने हयाच्वंगु ह्यूपा व परिवर्तन त मानव जीवनया सर्वोत्तम व अन्तिम........ निर्वाण या विमुक्तिया लँपु यात अन्ततोगत्वा: सार्थक, निरथंक वा पंगल: वा विघ्न कारक छु गथे जुया चवंगु दु धका: सीकेगु थ्वीकेत चाय्केत परम्परागत धर्म व दर्शन यागु अध्ययन व अनुसन्धान याना: स्वये मालाच्वंगु खनेदु । थुकिया निम्तिं विज्ञान व दर्शनया दथ्वी थौं कन्हे ब्वलना च्वंगु थवं थवे सम्वाद व संचार या अभाव (Communication Gap) व पुलांपिं व न्हूपिं मनूतय् दथ्वी बढे जुया वना च्वंगु पुस्तागत गा: (Generation gap) या समस्यायात ज्यंके मा:गु आवश्यकता दु । परन्तु थुकियात मा:गु सामाग्री धा:सा भीगु देशे गाक्कं हे म्हो जुया च्वंगु खने दु ।

थुगु हे अभाव यात पूर्तियायेत बुद्ध धर्म व आधुनिक विज्ञानया विविध पक्षयात कया: बौद्ध विद्वान् तथा ग्रन्थकार भाजु आर.वि. वन्द्यज्यूं तुलनात्मक अध्ययन याना: नेपा: देया आपालं आपा मनूतय्त थ्वीके बीगु उद्देश्यं नेपाली भाषां च्वया बिज्यागु एकदम हे न्हूगु शैलीयागु "आधुनिक विज्ञानया मिखाय् बुद्ध धर्म (अर्थात् "आधुनिक विज्ञानको दृष्मिा बुद्ध धर्म" नांयागु अनुसन्धानात्मक ग्यसुला:गु सफू नकतिनि हे प्रकाशित जूगु दु । न्ह्यगू धास विभाजित जुया च्वंगु थुगु अत्यन्त रोचक, पठनीय, मननीय, व विचारोत्तेजक सामाग्रीं जाना च्वंगु सफूती लेखक भाजु वन्द्यज्यू ......च्वया कथंया विषय वस्तुयात बाँलाक पिब्वया ब्यूगु दु:-

१. बुद्ध धर्मया उदयकाल ईशापूर्व खुगूगु शताब्दी व थौंया युग स दुगु विचार स्वतन्त्रता यागु समानता व उकियागु लिच्व: कथं पिदने फुगु बुद्ध धर्म व थौंयागु वैज्ञानिक उपलब्धि ।

२. हेतुवाद (कार्य व कारणया विश्लेषण), विभज्जवाद (अनन्त रुपं फोरे याये याना: विभाजन याना: स्वयेगु पद्धति) व यथार्थवाद या लँपु नालेगुली बुद्ध धर्म व आधुनिक विज्ञान स ध्वदुइगु समानता व सामीप्यता ।

३. अन्ध विश्वासयात गुगुं नं कथंया मू मबीगु बुद्ध धर्म व आधुनिक विज्ञानयागु विशेषता ।

४. विवेकशील मनूतय्गु शरण स्थान जुया च्वंपिं

बुद्ध, धर्म व संघ रत्न या आधिकारिक गुण व आनिशंस यागु वर्णन ।

५. आधुनिक विज्ञानं पिथंगु भौतिकवादी सभ्यतायागु विकृति व बुद्ध धर्मयागु उपयोग ।

६. बुद्ध धर्म यागु खास स्वरूप या संक्षिप्त परिचय-म्हसिका ।

७. विज्ञान व प्रविधिया ख्यले परमाणुया अनन्त विश्लेषण व मानव गुणसूत्रया सहज विश्लेषणं निसें कया: जीव लिथ्वयगु प्रविधि (Cloning) व अन्तरीक्ष पर्यटन तकयागु चमत्कारपूर्ण विकास व उपलब्धि नापं बुद्ध धर्म व दर्शनयागु तुलनात्मक अध्ययन ।

८. आधुनिक विज्ञानं आ: तक फो चाय्के मफुगु बुद्ध धर्मया विशेषता त १. धातु ज्ञानया विशेषता २. अनन्त चक्रालया क्षेत्र ३. प्रतिसन्धि विज्ञानया विशेषता व ४. नामस्कन्ध या विशेषता ईत्यादि

९. लौकिक ज्ञान-विज्ञानया सीमा व लोकोत्तर प्रज्ञा ज्ञानया अनन्तता ।

थुगु सफूतिं बुद्ध धर्म व आधुनिक विज्ञानया विषयले प्रामाणिक रुपं च्वयात:गु साहित्ययागु अभावया समस्यायात छुं हद तक ज्यंका व्यूगु दुसा धर्म व विज्ञानया पक्षधरपिनि दथ्वी दया च्वंगु थ:थवे संचार व सम्वादया अभाव व न्हूगु व पुलांगु पुस्तापिनि दथ्वी ब्वलना वया च्वंगु पुस्ताया गा:या समस्या ज्यंकेत नं आपालं तिब्व दइगु निश्चित दु । छाय् धा:सा थुगु अनुसन्धानात्मक सफूती आधुनिक विज्ञानया थी थी ख्यो: व विचा (Discipline) या अत्याधुनिक विकास व उपलब्धि यागु उचित मूल्यांङ्कन दुथ्यानाच्वंगु दु । नापं धर्म व विज्ञानयागु तुलनात्मक अध्ययन नं थुकी दुतिना त:गु दु । अले हाकनं बुद्ध धर्मयागु प्रज्ञा ज्ञान क्षेत्रया श्रेष्ठता यात नं बांलाक कुला त:गु दु। उकिं थ्व सफू धर्म व दर्शनया विज्ञपिं लिसें वैज्ञानिकपिं, प्राविधिकपिं, विद्वानपिं, विद्यार्थीपिं, व अनुसन्धानकर्तापिं सकसितं हे ज्या ख्यले दइगु साब हे सूचनामूलक सफू ख: । अले सम्यक सन्देशं जा:गु भिं सन्देशमूलक सफू नं खनेदु । सफूया देव: एकदम हे न्हूगु किसिम यागु खने दुगु थुगु सफू धर्म दानया रुपं पिदंगु दु । उकिं बजारे न्ह्याथासं उपलब्धि मज्वीगु खने दुगु थुगु सफू धात्थेंया जिज्ञासुपिन्त च्वमि व पिकाक:पिनि पाखें सुलभ रुपं उपलब्ध ज्वी धका तातुने थाय् दु । सफूया डिजाइन गेट अप व मुद्रण साब हे च्वछाये बह: जू । अस्तु !!

❁ धर्मप्रचार ❁ **समाचार**

## मायादेवी मन्दिरको निर्माण अन्तिम चरणमा

भैरहवा, १ पुस । भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिरको पुन: निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

यसका साथै बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र मायादेवी मन्दिरमा पूजा आराधना गर्ने स्वदेशी तथा विदेशी भक्तजनहरूको अभिलाषा अब पूरा हुने भएको छ । संयुक्त राष्ट्रसंघीय शैक्षिक वैज्ञानिक सांस्कृतिक संगठन युनेस्को, जापान बौद्ध महासंघ र लुम्बिनी विकास कोषबीच उत्पन्न विवादका कारण मन्दिर पुनर्निमाण कार्यमा ढिलाइ भएको थियो ।

लुम्बिनी विकास कोषको योजना प्रबन्धक मुकेश काफ्लेले मन्दिर निर्माण कार्य अन्तिम चरणमा पुगेको र मन्दिरमा गजुर राख्ने अन्तिम कार्य पनि अब ५।६ दिन भित्रै पूरा हुने जानकारी गराउनुभयो । गत फागुनदेखि पुननिर्माण शुरु गरिएको मायादेवी मन्दिर बुद्ध पूर्णिमा सम्म पूरा गर्ने लक्ष्य लिइएको भए पनि ठेकेदारको लापर्वाही तथा नेपाल बन्दका कारणले ६ महिना पछि मात्र पूरा हुन लागेको लुम्बिनी विकास कोषले जनाएको छ ।

युनेस्कोको मान्यता अनुसार मायादेवी मन्दिर फलाम र स्टीलका टुक्राहरू जोडेर बनाइएको छ भने ढलानका लागि सुर्की र चुनाको प्रयोग गरिएको छ । मन्दिर उत्खननका क्रममा प्राप्त बुद्धले सबैभन्दा पहिला पृथ्वीमा पाइला राखेको मार्कर गर्भगृह सेटोनलाई बुलेट प्रुफ शिशाले ढाकिएको छ । सन् १९३९ मा केशर शम्शेरद्वारा निर्मित मायादेवी मन्दिरको अन्वेषन उत्खनन तथा जिर्णोद्वारका लागि जापान बौद्ध महासंघ र लुम्बिनी विकास कोषबीच भएको सम्झौता अनुसार १९९२ देखि उत्खनन गरिएको कोषले जनाएको छ । सन् १९९६ मा उत्खनन पूरा भइसकेपछि पुन: निर्माणका लागि १९९८ मा तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले शिलान्यास गर्नुभएको थियो ।

*साभार: अन्नपूर्ण समाचारदाता*

## धर्मकीर्ति विहारको शनिबारीय कार्यक्रम

०५९ मंसीर १४ गते, शनिबार। रिपोर्टर- नीता केशरी।

उक्त दिन अध्ययन गोष्ठी द्वारा संचालित शनिवारको कक्षामा पुजनिय महास्थवीर अश्वघोष भन्ते ज्यू द्वारा "प्रतीत्य समुत्पाद" विषयमा प्रवचन दिनु भयो।

उहाँले भन्नुभयो यो शूत्र अति गम्भीर भएको हुनाले भगवान बुद्धले समेत बारम्बार बिचारं गर्नु भै ....देशना गर्नु भएको सूत्र हो। यो सूत्र कार्य कारणमा आधारित छ। यसका १२ वटा अङ्गहरू छन्। ति हुन्

१. अविद्याको कारणले सस्कार बन्यो।
२. सस्कार (बानी बस्ने स्वभाव) को कारणले विज्ञान बन्यो (जानकारी हुने)
३. विज्ञान (जहापनि पहिला उत्पन्न हुने) चित्तको कारणले नाम रूप।
४. (वेदना संज्ञा, संस्कार सम्बन्धी गतिविध र रूप) वन्यो
५. नाम रूपको कारणले सलायतन (आँखा, कान, नाक, मुख, शरीर, मन बन्यो।
६. सलायतन को कारणले स्पर्श आँखा रूप र चित्त जुध्नु आदि) हुने भयो
७. स्पर्शको कारण वेदना (सुख, दुख, दूबै नभएको अनुभव)
८. वेदनाको कारणले रुपारम्मण आदिमा आर्कषण, इच्छा, तृष्णा
९. तृष्णाको कारणले उपादान (तासिने स्वभाव) बन्नु
१०. उपादान को कारणले गर्दा भव (कुशल अकुशल उत्पन्न हुन्छ।
११. भवको कारणले जन्म
१२. जन्मको कारणले वृद्ध, रोग, मृत्यु, शोक पिर विलाप आदि।

तसर्थ हामीले जान्नु पर्ने कुरो यी १२ वटा अङ्गहरू एक आपसमा अन्योन्याश्रित छन् एक का कारण अर्को उत्पन्न हुन्छ। यदि एउटा उत्पन्न नभएमा अर्को स्वत उत्पन्न हुँदैन।

यहाँ दुःखको कारण आशक्ती हो। आसक्ती उपादान नभएमा भव संसार हुदैन। तृष्णा उपादान उत्पन्न नभएमा भव चक्र तुङ्गिन्छ। पञ्चस्कन्धको कारणले दुःख।

भगवान बुद्धले भन्नु भएको छ जन्म लिने को भनी नसोध, जन्म हुने कारण के हो भनी सोध्नु पर्छ। किनकी विना कारण जन्म हुँदैन। त्यस्तै दुःख सुख पनि काम राम्रो गरे सुख, नराम्रो गरे दुख त्यहाँ पनि कारण छ।

अविद्याले जोस बढाइ दिन्छ, जोसमा होस नभए पछि, भिक्षु-भिक्षु बिच पनि झगडा हुन पुग्छ। त्यसैले त भगवानले अन्तिम बचनको रुपमा **"अप्पमादेन सम्पादेथ"** होस पूर्वक जीउन सिक भनेर जानु भएको छ। भनेर आफ्नो प्रवचन तुंग्याउनु भयो।

प्रतिसन्धी वीज्ञान सम्बन्धी प्रश्न गर्दा भन्तेले पुनर्जन्म भनेको पाली साहित्यमा छैन बरु पुनर्भव भनेको छ भनी जवाफ दिनु भयो।

★ बौद्ध साहित्यमा प्रचलित अन्य सम्प्रदायका साधुहरू जनाउने केही शब्दहरू यस प्रकार छन् -

*तिर्थकर* - अबौद्ध साधुहरू
*निर्ग्रन्थ* - कुनै ग्रन्थ नमान्ने (=जैन साधुहरू)
*अचेलक* - नग्न साधुहरू
*परिव्राजक* - वस्त्र लगाउने साधुहरू
*आजीवक* - घुमन्ते साधुहरू
*जटिल* - जटाधारी साधुहरू

*( साभार: **बौद्ध दर्पण** )*

# सिद्धार्थ जीवनी

★ महामानव बुद्धको जन्म ई. पू. ५६३ मा भएको थियो। बैशाख पूर्णिमाको दिन लुम्बिनी वनमा एउटा शालवृक्षको मुनि उहाँ जन्मनु भएका थिए।

★ सिद्धार्थको जन्मसँगै तलका ७ व्यक्ति/वस्तुहरू पनि जन्म/उत्पन्न भएका थिए -

(१) मंगल हात्ती (२) यशोधरा
(३) कालुदायी मन्त्री (४) छन्दक सारथी
(५) कन्थक घोडा (६) बोधिवृक्ष
(७) सुनका ४ घडाहरू

★ **सिद्धार्थ कुमार** (=सर्वार्थसिद्ध) - पिता : शुद्धोदन महाराज। आमा : महामायादेवी। कान्छी आमा : प्रजापति गौतमी। बाज्ये : सिंह हनु। बज्यै : कञ्चना। बराजु : जयसेन (=हस्तिशिर्ष ?)। साखे दाजुभाइ : कोही छैन। पत्नी : यशोधरा। छोरो : राहुल कुमार। गोत्र : गौतम। कुल : शाक्य (=क्षेत्री)। वंश : सूर्यवंशी।

★ सिद्धार्थको घर : कपिलवस्तु, कोशल राज्य। मामाको घर : देवदह। ससुराल : देवदह।

★ सिद्धार्थको जन्म हुँदा राजा शुद्धोदन ५७ वर्षको हुनुहुन्थ्यो। विवाह गरेर २० वर्षपछि शुद्धोदनले छोरो पाएका थिए।

★ जन्मेको पाँचौं दिनमा **नामाकरण** गरियो। सर्व अर्थ सिद्ध गर्ने हुनाले उहाँलाई सर्वार्थसिद्ध वा सिद्धार्थ भनियो।

★ सिद्धार्थको नामाकरणको दिन आठ जना ब्राह्मणहरूले उनलाई भविष्यमा बुद्ध हुन्छ भनी भविष्यवाणी गरेका थिए। तिनीहरू थिए - राम, धज, लक्ष्मण (लक्षणा), मन्त्री (=मन्ती), भोज, सुयाम, सुदत्त र कौण्डण्य। ती मध्ये सबभन्दा कान्छो कौण्डण्यले सिद्धार्थ पक्कै बुद्ध हुन्छ भनी ठोकुवा गरेका थिए।

★ सिद्धार्थ जन्मेको सातौं दिनमा उहाँकी आमा महामायादेवी परलोक भइन्। त्यसपछि सिद्धार्थलाई उहाँकी कान्छीआमा प्रजापति गौतमीले हुर्काइन्। (तु० ११७)

★ राजर्षि **काल देवल** ऋषिले सिद्धार्थलाई देख्नासाथै वन्दना गरेका थिए। त्यसैबेला राजा शुद्धोदनले पनि आफ्नो छोरोलाई प्रथम पटक वन्दना गरेका थिए।

★ बोधिसत्व सिद्धार्थको नाउँमा सर्वप्रथम गृहत्याग गरी तपश्वी हुने व्यक्ति थिए काल देवल ऋषिको भाञ्जा **नालक**।

★ सिद्धार्थ कुमारको विवाह १६ वर्षको उमेरमा यशोधरासँग भएको थियो। त्यतिवेला यशोधरा पनि १६ वर्षकै थिइन्।

★ राजा शुद्धोदनले सिद्धार्थ कुमारलाई गृहस्थी जीवनमा भुलाई राख्न तीन विलासी भवनहरू बनाइदिएका थिए। ती थिए - रम्य (९ तल्ले), सुरम्य (७ तल्ले), र शुभ (५ तल्ले)।

★ उनन्तीस वर्षको उमेरमा सिद्धार्थको छोरो राहुलको जन्म भएको थियो।

★ सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा बहुजन हितको लागि **महाभिनिष्क्रमण** (=गृहत्याग) गर्नुभएको थियो।

★ गृहत्यागको बेला सिद्धार्थ कुमारले चढेर गएको घोडाको नाम थियो **कन्थक** र उहाँसँगै जाने सारथीको नाउँ थियो **छन्न (=छन्दक)**। त्यतिबेला सबैको उमेर २९ वर्षको थियो।

★ गृहत्याग गरेर आउने सिद्धार्थले **अनोमा नदी**को किनारमा आफ्नो केश आफैले काटी प्रव्रजित हुनु भएका थिए।

★ भनिन्छ कि प्रव्रजित भइसकेपछि सिद्धार्थको केश दुई अंगुल जति बाँकी रह्यो। सो केश पछि कहिल्यै बढेन। त्यसैले भगवान् बुद्धले आफ्नो कपाल कहिलै काट्नु परेको थिएन।

★ त्यसपछि सिद्धार्थ राजगृह जानुभयो। राजगृहको पाण्डव पर्वतमा उहाँले राजा **बिम्बिसार** भेटेका थिए।

★ सिद्धार्थ र बिम्बिसार बालक कालका साथी थिए। सिद्धार्थ बिम्बिसारभन्दा ५ वर्ष जेठो थियो। उहाँका बुबाहरू - शुद्धोदन र भाति - पनि साथी थिए।

★ राजगृहबाट निस्की सिद्धार्थ कुमार आलारकालाम र उद्दकरामपुत्र नामक ऋषिहरूकहाँ जानुभयो र योग विद्यामा निपुण हुनुभयो । ती ठाउँहरूमा उहाँले क्रमश: आकिंचन्यायतन र नैवसंज्ञायतन भन्ने ध्यानहरू प्राप्त गरेका थिए ।

★ **आलारकालाम** सांख्य दर्शनका पण्डित थिए र उनका ३०० शिष्यहरू थिए ।

★ **उद्दकरामपुत्र** वैशेषिक दर्शनका पण्डित थिए र उनका ७०० शिष्यहरू थिए ।

★ **आलारकालाम** र **उद्दकरामपुत्रबाट** प्राप्त ज्ञानलाई अपूर्ण ठानी सिद्धार्थ स्वयं आफैले ज्ञान प्राप्त गर्न उरूवेला बनतिर प्रस्थान गरे । त्यस वनमा उहाँले ६ वर्षसम्म विभिन्न किसिमका कठोर तपस्या गरेका थिए ।

★ छ वर्षको तपस्यालाई पनि व्यर्थ ठानी सिद्धार्थले तपस्यालाई त्याग गरिदिए । अनि बैशाख पूर्णिमाको दिन उरूवेला गाउँकी सुजाता नामक आईमाईले सिद्धार्थलाई वृक्ष देउता भन्ठानी क्षीर पात्र दान दिइन् । त्यही सिद्धार्थ कुमारको अन्तिम भोजन थियो र त्यही भोजन गरी उहाँले बोधिज्ञान प्राप्त गरेका थिए ।

★ सुजाताले दिएको क्षीर भोजन गरिसकेपछि सिद्धार्थले भोजन पात्र **नैरंजना** नदीमा खसालेका थिए । उक्त पात्र "काल" भन्ने नागको टाउकोमा परेकोले, उक्त नाग विपरित दिशातिर गएकोले, सुजाताको पात्र नदीको उल्टो दिशातिर बगेको थियो ।

★ सोही बैशाख पूर्णिमाको दिन सोत्थिय (=श्रोत्रिय) नामक ब्राह्मणले सिद्धार्थलाई आठ मुट्ठी तृण (=कुश घांस) दान दिएका थिए । त्यही तृणको आशनमा बसी उहाँले बोधिज्ञान लाभ गर्नुभयो ।

★ बैशाख पूर्णिमाको रात्रीका विभिन्न **याम** (=४ घण्टा) मा सिद्धार्थले तलका ज्ञानहरू हासिल गरी बुद्ध हुनु भएको थियो–

प्रथम याममा पूर्वानुस्मृति ज्ञान (=पूर्वजन्मको ज्ञान)
दोस्रो याममा च्युत्योत्पति ज्ञान (=उत्पत्ति विनाश ज्ञान)
तेस्रो याममा आश्रवक्षय ज्ञान (=प्रतीत्य समुत्पाद)

★ यसरी सिद्धार्थ कुमारले उरूवेला (=बुद्धगया) मा बैशाख पूर्णिमाको राती तेस्रो पहरमा **बोधिज्ञान** प्राप्त गर्नु भएको थियो । त्यसबेला उहाँ ३५ वर्षको हुनुहुन्थ्यो ।

★ सिद्धार्थले जुन पिपलको रूखमुनि बोधिज्ञान लाभ गर्नु भएको थियो, त्यसलाई **बोधिवृक्ष** भनिन्छ ।

## बुद्ध जीवनी र बुद्ध काल

★ बोधिज्ञान लाभ पछिका ७ सप्ताहहरू बुद्धले तल लेखे अनुसार बिताउनु भयो -

★ बोधिज्ञान लाभको छैठौं सप्ताहमा ठूलो आँधी बेहरी चलेको बेलामा नागराजाले बुद्धको शिरमाथि फणाले ओढाइदिएको थियो ।

★ बुद्धले बोधिज्ञान लाभ पछि ७ हप्तासम्म उक्त ज्ञानको प्रीति (=आनन्द) सुखमा लीन भइराख्नु भएको थियो । यसरी ७ हप्तासम्म उहाँले खानु, पिउनु, शौच गर्नु, स्नान गर्नु आदि केही गर्नु भएको थिएन ।

★ बोधिज्ञान लाभ पछि बुद्धलाई सर्वप्रथम भोजन दान दिनेहरू थिए दुई व्यापारी दाजुभाइहरू - **तपस्सु** र **भल्लुक** । उनीहरूले दिएको सत्तु र महको भोजन नै बुद्धको प्रथम भोजन थियो ।

★ सर्वप्रथम बुद्धको शरणमा जाने उपासकहरू थिए - **तपस्सु** र **भल्लुक** । उनीहरू द्वैवाचिक शरण (=बुद्ध र धर्मको शरण) जानेहरू थिए । त्यतिबेला संघ बनेको थिएन ।

★ तपस्सु र भल्लुकलाई भगवान् बुद्धले चिन्हो स्वरूप एक मुठ्ठी केश (=रौं) दिनु भएको थियो । उक्त केश राखेर ती दुई दाजुभाईले आफ्ना उत्कल देश (=उडिसा) मा बनाएको स्तूप नै बुद्धको स्मृतिमा बनेको प्रथम स्तूप थियो ।

★ बुद्धगयामा बुद्धत्व प्राप्त गर्नुभएपछि बुद्ध सर्वप्रथम ऋषिपतन मृगदावन (=सारनाथ) मा जानुभयो ।

★ मार्गमा उपक नामक आजीवक (=घुमन्ते साधु) ले भगवान् बुद्धलाई भेटेर पनि चिन्न सकेको थिएन ।

★ भगवान् बुद्धले ३६ वर्षको उमेरमा ऋषिपतन मृगदावन (=सारनाथ) मा **धर्मचक्र प्रवर्तन** (=प्रथम उपदेश) गर्नुभएका थिए । सारनाथमा रूखमुनि बसी उहाँले ५ जना गृहत्यागीहरूलाई प्रथम उपदेश दिनु भएका थिए । ***(साभार: बौद्ध दर्पण)***

**विश्व बौद्ध सम्मेलन सम्पन्न**

२०५९ मंसीर २३-२७ गते ।

स्थान- Grand Blue wave Hotel
Shah Alam, Selangor Malaysia.

मलेसिया स्थित WFB Selangor Regional Center र Young Buddhist Association of Malaysia को संयुक्त आयोजनामा World Fellowship of Buddhist र World Fellowship of Buddhist youth को क्रमश: २२ औं र १३ औं सम्मेलन सम्पन्न भएको छ । प्रत्येक २/२ वर्षमा सम्पन्न हुने यस सम्मेलन २ वर्ष अगाडि सन् २००० मा थाइलैण्डमा सम्पन्न भएको थियो भने आगामी २ वर्ष पछि सन् २००४ मा WFB को २३ औं र WFBY को १४ औं सम्मेलनको रुपमा भूटानमा सम्पन्न गरिने घोषणा गरिएको छ ।

सन् २००२ मा सम्पन्न भएको WFB र WFBY को यस सम्मेलनको प्रमुख तात्पर्य Thene नै "प्रज्ञा र करुणा: अगाडि बढ्ने मार्ग" (Wisdom and Compoassion: The way forward) रहेको छ ।

आजको संसार जाती धर्म र राष्ट्रको नाममा हत्या हिंसा र अशान्तिले व्याप्त रहेको छ । त्यसैले हामीले आ-आफ्नो वानी व्यवहारलाई मानवतामा ढाल्नु परेको छ । यसको लागि हामीले प्रज्ञा र करुणा जस्ता मानविय गुणहरूलाई हाम्रो दैनिक व्यवहारमा उतार्न सकेनौं भने हाम्रो जीवनमा अनेकौं समस्या र बाधाहरू उत्पन्न हुने गर्दछ। जब हाम्रो मनमा प्रज्ञाले ठाउँ लिनेछ, तब हामीमा ठीक सोचाई (Right Understanding) को उदय हुनेछ । तब हामीले अरुलाई आदर गर्न सिक्नेछौ. । जब हाम्रो हृदयमा करुणा र मैत्री जाग्नेछ, तब मात्र हामीले सबै मानवलाई आफ्नै भाईचाराको रुपमा देख्न सक्नेछौं । एक आपसमा जातीभेद, धर्मभेद र राष्ट्रभेदलाई हटाउन सक्नेछौं । यसरी हाम्रो वानी व्यवहारमा प्रज्ञा र करुणालाई अभ्यास गर्न सकेमा मात्र हामीले हाम्रो समाजमा परस्परको मेलमिलाप ल्याई शान्ति ल्याउन सक्नेछौं । फलस्वरूप हाम्रो जीवन सुचारुरूपले सफलता र निर्विघ्नपूर्वक अगाडि बढ्न सक्नेछ । यही सबैको लागि लाभप्रद हुनेछ । यही मनसायले यसपालीको विश्व बौद्ध सम्मेलनको प्रमुख तात्पर्य प्रज्ञा र करुणा, अगाडि बढ्ने मार्ग राखिएको हो । मंसीर २३ गते भिक्षु के श्री धम्मानान्द नायक महास्थविरबाट यही विषयमा प्रवचन भएको थियो ।

मंसीर २४ गते मलेसियन प्रधानमन्त्री Dato Seri Dr. Maththir Bin Mohamad ले उद्घाटन गर्नु भएको सो सम्मेलनमा भिक्षु चाउ चूले पञ्चशील प्रार्थना गराउनु भएको थियो WFB का Joint Organizing Chairman Mr Gohseng Chai ले स्वागत भाषण गर्नु भएको उक्त सम्मेलनमा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो - WFBY का President Mr. Anurut Vong Vanij, WFB का Resident H.E. Mr. Phan wannamethee र मलेसियन प्रधानमन्त्री Data Seri Dr. Mahathir Bin Mohamad आदि ।

पाँचदिने उक्त कार्यक्रममा नेपालको धर्मोदय सभाको तर्फबाट लोकदर्शन बज्राचार्य, डा. त्रिरत्नमान तुलाधर, सुवर्ण शाक्य, पद्म ज्योती, धम्मवती गुरुमां, वीर्यवती गुरुमां, मीरा ज्योती, प्रभा स्थापित, गंगा श्रेष्ठ र ठेण्डर लामा आदि गरी जम्मा १० जना सहभागीहरूले भाग लिनु भएका थिए ।

अष्ट्रेलिया, बंगलादेश, फ्रान्स, जर्मनी, भारत, इन्डोनेसिया, चीन, जापान, मलेसिया, नेपाल, मंगोलिया, न्यूजीलैण्ड, रुस, श्रीलंका, जर्मन, स्विडेन, ताइपेई, थाइलैण्ड, अमेरिका, भूटान, दक्षिण कोरिया, उत्तर कोरिया, ताइवान आदि गरी थुप्रै राष्ट्रका विभिन्न संस्थाहरूले भाग लिएको उक्त सम्मेलनमा WFB का विभिन्न पदहरूको निर्वाचन कार्यक्रम पनि सम्पन्न भएको थियो ।

WFB को उपाध्यष पदमा यसपाली पनि

लोकदर्शन बज्राचार्य निर्वाचित हुनुभएको थियो भने पद्म ज्योती, Executive Council को सदस्यमा निर्वाचित हुनुभएको छ । स्मरणिय छ, Executive Council का निर्वाचित सदस्यहरू ८ जना रहन्छन् । WFB का Special Bodies मध्ये एक रहेको Lumbini Special Committee लगायत ९ वटा अन्य स्थायी समितिका सभापतिहरू पनि मनोनित भई सदस्यहरूको बैठक सम्पन्न भएको थियो ।

यसको साथसाथै WFB को शाह आलम घोषणा पत्र पनि सम्मेलनमा जारी गरियो भने ९ वटा समितिहरूबाट विभिन्न प्रस्तावहरू साधारण सभाले पारित गरिएको थियो ।

यसपाली WFB को Grand Merit Medal ३ जना दिवंगत व्यक्तित्व हरूलाई प्रदान गरिएको छ । उहाँहरू यसरी हुनुहुन्छ ,

१. दिवंगत Mr. Zhao–Pu–chu, china (WFB China का भूतपूर्व उपाध्यक्ष)
२. दिवंगत Mr. Teh. Thean choo Malaysia, (WFB Exco का भूतपूर्व सदस्य) ।
३. दिवंगत Mr. Stanley William, Sri Lanka (WFB Exco का भूतपूर्व सदस्य) आदि ।

## बुद्धकालीन सिवली भिक्षुको ढलौटको प्रतिमूर्ति प्राप्त भएको

भक्तपुर नगरभित्रको ऐतिहासिक प्राचीन महाविहार हरूमा "धर्मोत्तर महाविहार" पनि पर्दछ । हाल उक्त महाविहार "मुनि विहार" नामबाट लोक प्रशिद्धि भैरहेको छ। उक्र महाविहारलाई स्थानीय उपासक उपासिकाहरूको सद् प्रयासमा बि.सं. २००९ सालदेखि थेरवादी विहारको रूपमा संचालन गरी आएको सर्वविदितै छ । भक्तपुर जिल्लामै पहिलो थेरवादी विहार भएको "मुनि विहार" मा हाल श्रद्धेय भिक्षु सम्यक ज्योति र भिक्षु नन्द आवाशीय रूपमा रहनु भएको छ भने एकजना अनगारिका गुरुमाँ पनि रहनु भएको छ ।

श्रद्धेय भिक्षु नन्द र मुनि विहारका दायक उपासक उपासिकाहरूको सक्रियतामा भक्तपुर जिल्लामै पहिलो "उपोसथागार" भवन निर्माण भैरहेको छ, जुन भवन तयार भएपछि उक्त उपोसथागार भवनमा शान्तिका महानायक तथागत गौतम बुद्धको ठूलो ढलौटको प्रतिमूर्ति विराजमान गराउन मित्र राष्ट्र बौद्ध मुलुक थाईलैण्डका श्रद्धेय संघराजाको अनुकम्पा र महाकरुणाबाट केही वर्ष अघि नै प्राप्त भएको थियो भने हाल सालै अर्थात गत वि.सं. २०५९ कार्तिक २०, बुद्धबारका दिन पूज्यपाद श्रद्धेय संघराजाको असिम निगाहाबाट पुन: एक अर्को ७ फिट अग्लो ढलौटको प्रतिमूर्ति प्राप्त भएको छ; जुन प्रतिमूर्ति नेपालमा पहिलो पल्ट प्राप्त हुने श्रेय मुनि विहारलाई भएको हुनु पर्दछ । उक्त प्रतिमूर्ति अरु कसैको नभई बुद्धकालीन श्रद्धेय भिक्षु सिवलीको हो । अत: उक्त प्रतिमूर्ति बुद्धकालनि समयमा श्रावस्तीबाट उत्तर तर्फ हिमाली प्रदेशमा गमन गरेको प्रतीक स्वरूप नवनिर्मित उपोसथागारमा उत्तराभिमुख गरी स्थापना गर्ने भएको छ ।

## धर्मसंघ बुद्ध विहारको पुन निर्मित भवनको उद्‌घाटन तथा प्रतिष्ठा पूजा सम्पन्न

२०५९ मंसीर १५ गते ।

मोहरिया टोल पोखरामा अवस्थित धर्म संघ बुद्ध विहारको पुन: निर्मित भवनको मंसीर ७ गते शनिबार एक भव्य समारोहका बिच विशिष्ट सल्लाहकार एवं पूर्व अध्यक्ष चन्द्र मान बज्राचार्यले दिप प्रज्वलन गरी उद्‌घाटन गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि भिक्षु आनन्द स्थविरले भ्रुण्डोत्तलन गर्नु भएको थियो ।

स्थानिय समाजसेवी स्व. हरीकुमार बज्राचार्यले बटुवा बस्ने पारीको रूपमा प्रदान गर्नुभएको स्थानलाई बि.सं. २०१३ सालमा 'धर्म संघ बुद्ध विहार'को रूपमा परीणत गरीएको थियो । शाक्य, बज्राचार्य, बुद्धाचार्य र गुभाजु थरका मानिसहरूले आफ्ना बाल बालिकाहरूको चुडाकर्म, इँही लगायतका कर्मकाण्ड स्थलको रूपमा प्रयोग गर्ने गरिएको र साथै गुंला महीनामा धर्म देशना, स्त्रोत पाठ, पंचदान र समय समयमा ज्ञानमाला भजन पनि संचालन हुँदै आइरहेको उक्त विहार जिर्ण हुन पूगेपछी रु १६ लाख ४१ हजार ३ सय रुपैंयाको लागतमा दुइ तले विहार र चैत्यको निर्माण गरीएको छ ।

सो उद्‌घाटन समारोहमा विहारको संरक्षण र

सम्बर्द्धनमा विशेष योगदान पुऱ्याउने पूर्व अध्यष द्वय चन्द्रमन वज्राचार्य र बेदमान गुभाजूलाई अभिनन्दन गरिएको थियो भने लामो अवधि सम्म सचिवको पदमा रही सेवा पुऱ्याएकोमा कुलमान बुद्धाचार्य (२०३४-२०५९) र लामो समय कार्य समितिको बिभिन्न पदमा रही कार्य गरेकोमा गर्भ कुमार वज्राचार्य (२०४८-२०५९) लाई पनि कदर पत्र प्रदान गरीएको थियो ।

त्यसैगरी बुद्ध विहार निर्माणमा उल्लेखनीय योगदान पुऱ्याउने बौद्ध उपासीका संघ, भवन निर्माण समितिका संयोजक भरत राज शाक्य, ठेकेदार गणेश बज्राचार्य, प्राविधिक किरण राज बज्राचार्य, चन्द्रमान बज्राचार्य, पुष्कर मान बुद्धाचार्य, शेरमान बुद्धाचार्य र लाल बहादुर गुभाजुलाई सम्मानपत्र प्रदान गरीएको थियो । सम्मानित व्यक्तित्वहरूलाई प्रमुख अतिथि भिक्षु आनन्द र भिक्षु श्रद्धानन्दले अभिनन्दन पत्र, कदर पत्र र सम्मानपत्र प्रदान गर्नु भएको थियो भने समाजका जेष्ठ महीला (नकी) हरूले सकं प्रदान गर्नु भएको थियो ।

त्यस अवसरमा प्रमुख अतिथिको आसनबाट धर्मदेशना गर्नु हुदै भिक्षु आनन्द स्थविरले भौतिक सम्पत्तिले मानिसलाई जीवन यापनमा सहयोग पुग्ने र आध्यात्मीक सम्पत्तिले भौतिक संसारमा बसेर शान्ति सुख र आनन्द प्राप्त गर्न सकिने बताउनु भयो । धर्म संघ बुद्ध विहारद्वारा प्रकाशीत स्मारिकाको लोकार्पण गर्नु हुदै क्षेत्रीय प्रशासक बालकृष्ण प्रसाईले भगवान बुद्धले प्रतिपादन गर्नु भएको शान्तिको मार्गलाई नेपाली समाजले बिर्सदा देश हिंसाको चपेटामा पिल्सिन पुगको धारणा ब्यक्त गर्नुभयो । त्यसै उक्त कार्यक्रममा राज परिषद सदस्य गणेश बहादुर गुरूङ्ग, पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाश मान गुभाजु, कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी देवी प्रसाद भट्टराई र बौद्ध अर्घौ सदनका अध्यक्ष क्या. उमर ध्वज गुरूङ्गले शुभकामना मन्तव्य व्यक्त गर्नु हुदै बुद्धका उपदेशलाई भनाईमा मात्र सिमित नराखी व्यवहारमा उतारेको खण्डमा समाजमा शान्ति कायम हुने बिचार ब्यक्त गर्नुभएको थियो ।

सद्धर्म सभा धर्म संघ बुद्ध विहारका अध्यक्ष कुलामान बुद्धाचार्यको सभापतित्वमा भएको उक्त समारोह सम्पन्न भएको थियो ।

कार्यक्रममा स्वागत सत्कार उप-समितिका संयोजक मोतीमान शाक्यले स्वागत मन्तव्य, भवन निर्माण समितिका संयोजक भरत शाक्यले आय व्यय हिसाव र सचिव श्याम शाक्यले संघको गतिविधि माथि प्रकाश पार्नु भएको थियो भने उत्तम मान बुद्धाचार्यले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । साथै सोहीदिन साँझ ज्ञानमाला भजन को पनि आयोजना गरीएको थियो ।

## सुगत बौद्ध महाविद्यालय सञ्चालन विषय विचार गोष्ठी

ललितपुर, भाद्र १५ गते, शनिवार ।

बुद्ध धर्मको विकासमा उदाहरणीय कदम उठाउने अभिप्रायले राष्ट्रिय स्तरमा गठन भएको नेपाल बौद्ध परिषद्‌को तर्फबाट सञ्चालन हुने प्रकृयामा रहेको सुगत बौद्ध महाविद्यालयका सम्बन्धमा ललितपुर उपमहानगर पालिका न:टोल वडा नं २१ मा एउटा विचार गोष्ठीको आयोजना भयो । सो गोष्ठीमा परिषद्‌का अध्यक्ष श्री महीश्वरराज वज्राचार्यले सुगत बौद्ध महाविद्यालय सञ्चालन सम्बनधमा हालसम्म भएको कार्य प्रगतिको विवरण प्रस्तुत गनुहुँदै सो सम्बन्धमा बुद्धधर्म सम्बन्धी पाठचक्रम तयार भइसकेको र अन्य अनिवार्य एवं ऐच्छिक विषय हरूको लागि नेपाली, अंग्रेजी, भूगोल, अर्थशास्त्र, नेपालभाषा एवं गणित विषयको पाठचक्रम तयार गर्ने विषयमा विषय-विशेषज्ञहरूसंग परामर्श भइरहेको कुरामा प्रकाश पार्नुभयो । यसक्रममा उहाँले पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्ने प्रकृयामा रहेको सो महाविद्यालय स्थापनाको लागि भौतिक संरचना तयार गर्न सम्पूर्ण बौद्धहरूमा सहयोगको अपिल गर्नुभयो ।

ललितपुर श्री बच्छामहाविहारका स्थविर नायक (थापाआजु) श्री बाबुकाजी शाक्यबाट पानसमा बत्ति बाली उद्‌घाटन भएको सो गोष्ठीमा परिषद्‌का उपाध्यक्ष श्री डा. लक्ष्मण शाक्य, सुगत बौद्ध महाविद्यालय तयारी समितिका सदस्य श्री डा. सानुभाई डंगोल, परिषद्‌का

निवर्तमन सचिव श्री वंशी धर वज्राचार्य, वर्तमान कार्य वाहक महासचिव श्री यूराज वज्राचार्य, बौद्ध शुभचिन्तक विद्वान् श्री चक्रमेहर वज्राचार्य आदिले आ-आफ्नो मन्तव्य दिनुहुँदै उक्त शुभकार्य सञ्चालन गर्न सबैमा सहयोगको हार्दिक अपिल गर्नुभयो ।

परिषद्का कार्यवाहक सचिव श्री बाबुरत्न शाक्य उद्घोषक रहनुभएको सो गोष्ठीमा सहभागीहरूबाट उठाइएका विविध प्रश्नहरूको उत्तर दिनुहुँदै अध्यक्ष श्री महीश्वरराज वज्राचार्यले यदि परिस्थिति प्रतिकूल नर हेमा यही आर्थिक वर्षभित्र उक्त महाविद्यालय सञ्चालन हुने कुरामा प्रकाश पार्नुभयो ।

अन्तमा उद्घोषक श्री बाबुरत्न शाक्यले नेपाल बौद्ध परिषद्को हेटौंडामा मकवानपुर शाखा कार्यालय र सिन्धुपाल्चोकको ठूलो धादिङ्ग गा.वि.स.मा सिन्धुपाल्चोक शाखा कार्यालय सञ्चालन भएको कुराको चर्चा गर्नुभयो ।

## बुद्ध सम्बत् २५४५ वर्षको पुरस्कार वितरण समारोह सम्पन्न

बुद्ध, धर्म र बौद्ध संस्कृति सम्बन्धी अध्ययन अध्यापन विगत ३९ वर्ष देखि संचालन गर्दै आएकोमा बु.सं. २५४५ अर्थात् वि.सं. २०५८ सालको पुरस्कार प्रमाण पत्र वितरण समारोह नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रीय कायालय पाटनको पटको स्थित मणिमण्डप विहारमा हिजो सम्पन्न भयो ।

पुरस्कार वितरण तथा दीक्षान्त समारोहमा प्रमुख अतिथि माननीय महिला, बाल बालिका तथा समाज कल्याण मन्त्री गोरे बहादुर खपाङ्गीले परियत्ति सद्धम्म, कोविद तथा सद्धम्म पालक उपाधि परीक्षामा उत्तीर्ण भएका प्रवेश तथा प्रारम्भिक परीक्षामा बोर्ड प्राप्त विद्यार्थीहरूलई प्रमाण पत्र तथा पुरस्कार वितरण गर्दै भन्नुभयो- "नेपाल आमाका सुपुत्र भगवान बुद्धले जस्तै मानव हित र कल्याणको निमित्त ठूलो तयाग तपस्या गर्ने यो संसारमा कोही पनि व्यक्ति छैन । नेपालको यस वर्तमान अस्तव्यस्त राजनैतिक अवस्थाले जकडिएको प्रजातन्त्र माथि जनता स्वयम रक्षकका रूपमा अघिसर्नु नै यस समस्याको उचित उपाय हुन सक्छ र भावि पुस्ताका बालिकाहरूलाई बुद्धको शिक्षा दिन सके र जनमानसमा प्रचार गर्न सके भावी सन्ततिको भविष्य बारे हामी निश्चिन्त हुन सक्छौ र शान्तिको देश भन्ने विश्वासलाई नेपालमा प्रतिस्थापन गर्न सक्छौ भन्ने विश्वासलाई जोड दिदैं वहाँले उक्त कुरा भन्नुभयो ।

सोही क्रममा ललितपुर उपमहानगरपालिका निवर्तमान मेयर श्री बुद्धिराज वज्राचार्यले प्रथम श्रेणीमा उत्तीर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्दै मन्तव्य पनि राख्नु भएको थियो । सो समारोहमा ने.बौ.प. शिक्षाका सह शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर, शिक्षाविद् ठाकुरमान शाक्य र विद्यार्थी बासुदेव देसारले पनि आ-आफ्ना मन्तव्य राख्नु भएको थियो ।

दिवंगत संघमहानायक प्रज्ञानन्द महास्थविरको स्मृतिमा स्थापित "प्रज्ञानन्द स्मृति सिरपा" को तर्फबाट अनगारिका ञाणशीलाले उपाधि परीक्षामा उत्तीर्ण बिद्यार्थीहरूलाई र सानुराजा, शोभा शाक्यको तर्फबाट बोर्ड प्रथम हुने सवै विद्यार्थीहरूलाई नगद पुरस्कार वितरण गर्नु भयो । त्यस्तै अनगारिका सुशीला स्मृति कोषको तर्फबाट उत्कृष्ट अंक ल्याउने ३ जना महिला विद्यार्थीहरूलाई चैत्य उपहार प्रदान गर्नु भएको थियो । विभिन्न दाता महानुभावहरूले पनि बोर्ड प्राप्त विद्याथीहरू सबैलाई फ्रेम प्रदान गर्नुभयो ।

केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले बु.सं. २५४५ को पुरस्कार तथा दीक्षान्त समारोहको प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा भिक्षु तपस्सीधम्मले स्वागत भाषण तथा भिक्षु सुमेधले धन्यवाद ज्ञापन गर्नुभएको थियो । अ.ने.भि. महासंघका अध्यक्ष एवं ने.बौ.प. शिक्षाका संस्थापक तथा शिक्षाध्यक्ष भिक्षु बुद्धघोष महास्थविरको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

## स्वयम्भू ज्ञानमालाय् न्हूपिं ख्वापा

स्वयम्भू ज्ञानमाला भजन खल:या कार्य कारिणी ल्यज्याय् न्हूपिं पदाधिकारीत ल्योगु समाचार दु ।

अध्यक्ष – पन्नाकाजी शाक्य
उपाध्यक्ष – पुण्यशाक्य

सचिव - रत्न बहादुर राजकर्णिकार
सहसचिव - पूर्णकाजि ज्यापु
कोषाध्यक्ष- गौतम बहादुर राजकर्णिकार
सह-कोषाध्यक्ष- मदनरत्न तुलाधर
सदस्यपिं - हिराकाजी राजकर्णिकार, बेखारत्न सिख्राकार, कृष्णमान डंगोल, रमेश मानन्धर, सिद्धि रत्न शाक्य, पञ्च नारायण महर्जन, श्रीमती दिव्यतारा तुलाधर ।

स्वयम्भू ज्ञानमाला खलया न्हूपिं पदाधिकारीत चुनेजुयालि न्हूगु सिसी पुलांगु ऐला मजूसा ज्यू धयाथें चर्चा दु ।

## ज्ञानमालाया न्हूपिं पदाधिकारी तयतसम्मान

बौद्ध ज्ञान चेतना संघया ग्वसाले हालसाले श्रीघ विहार नःघले छगू समारोह याना ज्ञानमाला भजन खलः स्वयम्भूया न्हूपिं पदाधिकारीतयत स्वागत समारोह यागु समाचार दु । बौद्ध ज्ञान चेतना संघया अध्यक्ष जुजु भाई शाक्यं स्वाँ व खादा क्वखाय्का वय्कपिन्त हनेज्या याना बिज्यागु खः ।

## संघारामे हनेज्या

संघाराम विहार व स्वयम्भू धर्म पासा पुचः या मंका ग्वसाले संघाराम विहारे स्वयम्भू ज्ञान माला भजन खलःया न्हूपिं पदाधिकारी तय्त छगू मुँज्यायाना लसकुस हने ज्या जुल ।

भिक्षु सद्धातिस्सया सभापतित्वे धर्म पासापुचः उपाध्यक्ष प्रकाश तुलाधरं स्वागत याना न्ह्याकूगु कार्यक्रमे पुष्परत्न तुलाधरं ज्ञानमालाया सकल पदाधिकारीपिन्त खादा क्वखाय्का शुभकामना बिया दिसें स्वागत यानादीगु खः ।

उगु कार्यक्रमे सुवर्ण शाक्यं धयाबिज्यात - हिंसा अत्याचार आदि बांमलागु चाला समाजं हाकुतिना छोय्त ज्ञानमाला छगू बल्लागु ज्याभः खः ।

ज्ञानमाला खलःया सचिव रत्न बहादुर राजकर्णिकारं ज्ञानमाला भजन खलःयात न्हापा सिबें उपो बांलाका यंकेगु ज्या याना यंकेगु खँ धयादिल ।

## श्री बौद्ध जन विहार, सुनागुठी

२०५९ साल मंसिर २७ गते, शुक्रवार । पाटन सि.वि. आर, वि.पि.कोइराला लायन्स नेत्र अध्ययन केन्द्र बौद्ध जन विहार, सुनागुठी गा.वि.स. व प्रगति हित बाल क्लव, सुनागुठीया ग्वसाले बौद्ध जन विहारे स्वसः म्हसित मिखाया वासः याय्गु (आँखा शिविर) बांलाक क्वचागु जुल ।

मंसिर २८ गते, शनिवार खुन्हु सुनागुठी गा.वि.स. वडा नं. ८ ज्यागं त्वाया बौद्ध उपासक भाजु न्हुछे बहादुर महर्जन व जहानपिं पाखें बौद्ध जन विहारे पलिस्थापना निंतिं विहारे बुद्ध पूजाया दिं लाका अनगारिका धज्जवति (कुसुम) गुरुमाँयात बुद्ध प्रतिमा लः ल्हाय्गु ज्या जुल । थुगु ज्या ज्वः सं कुसुम गुरुमापिं पाखें परित्राण पाठ नाप नापं धर्म देशना याना बिज्यागु जुल । उपासक न्हुछे बहादुर महर्जनपाखें विहार या उपाशक-उपाशिकापिन्त जलपान व भोजन दान याना दीगु खः ।

## भोजपुर टक्सार बौद्ध शाक्य समाज

भोजपुर टक्सार बौद्ध शाक्य समाजया नायो श्री बुद्ध दाश शाक्यया म्ह्याय् पुजन शाक्यया शुभ इहिपा भाजु मनोज शाक्य नापं थ्वहे मंसीर ११ गते बौद्ध परम्परा अनुसार सरल व शुद्ध तरिकां सुसम्पन्न यागु खबर प्राप्त जूगु दु । मंश, मादक पदार्थ, धुम्रपान छुं हे प्रयोग मयासे भ्वय् या ज्याझो सम्पन्न यागु खसा बाजा गाजा तया तडक भड्कया भ्वासी छुं हे मया । समाजया उपाध्यक्ष मीम शाक्यं सञ्चालन यागु इहिपा समारोहले सकल शाक्य समाजया दूजःपिं उपस्थित जुया बुद्ध प्रतिमा न्ह्योने च्वना पञ्च शील, बुद्ध-पूजा परित्राण पाठ याना कन्यादानया ज्याझो सुसम्पन्न यासें म्ह्याय् मचा व काय् मचा पिन्त इमिसं गृहस्थ जीवने पालन याय् मागु कर्त्तव्य वारे उपदेश बिय्गु ज्या लिसे शुभ इहिपाया ज्या सुसम्पन्न यागुजुल । उखुन्हु विश्व शान्ति विहारया सकल भन्ते गुरुमां पिन्त बुद्ध दाश शाक्य परि वार पिनि पाखें भोजन दान नं यागु जुल ।

## बनेपाय् बौद्ध ज्ञान चेतना संघया धर्मप्रचार

२०५९ मंसीर २१ गते, शनिबार ।

बौद्ध ज्ञान चेतना संघया आयोजनाय् भ्वँते (बनेपा) ध्यानकुटी ससकलें मुना नगर परिक्रमा याना

भोलाखाया बहीली थ्यंका बुद्धपूजा, ज्ञान, भजन आदि जुल । पूर्व नगर प्रमुख डा. सुरेन्द्र बहादुरया मू पाहाँले जूगु धार्मिक कार्यक्रमे भिक्षु अश्वघोष महास्थविरया धर्म देशना लिपा यल उपमहानगर पालिकाया पुलांम्ह मेयर बेखारत्न शाक्य, बौद्ध विद्वान वज्रराज शाक्य, बौद्ध ज्ञान चेतना संघया उपाध्यक्ष राम रत्न तुलाधर, अले पूर्व मेयर डा. सुरेन्द्र बहादुर बादें न्ववाना दिल ।

उगु ज्या झोले बौद्ध ज्ञान चेतना संघ स्थापना जूसां निसें गुहाली याना च्वना बिज्याम्ह पुष्परत्न शाक्य, उगु ज्याझोयात गुहालीयाना दीम्ह स्थानीय बही बहा भजन मण्डलया नायो नवराज श्रेष्ठ, बोधिसत्व ल्याय्म्ह पुचःया नायो निरन शाक्य व भुवन मान यात संघया नायो जुजु भाई शाक्य पाखें खादा क्वखाय्का सुभाय् पौ बिया बिज्यागु खः । भोंतया भजन मण्डलया नायो पाखें नं हनापौ लः ल्हानादिल ।

ज्याझोया शुरुइ ध्यानकुटी विहारे च्वना च्वंपिं असरण मिसा मस्तय्सं ज्ञान माला भजन याना झझः धाय्का ब्यूगु खः । अनया भोलाखाया भजन मण्डलं पूर्ण कलस लँया जवं खवं तया उक्त ज्ञान चेतना संघया पदाधिकारी तय्त स्वाँम्हू बिया स्वागतया नापं सकसितं जलपान याका दिल ।

### पवित्र बहादुर स्मृतिग्रन्थ

उपासकगुण सम्पन्नम्ह पवित्र बहादुर वज्राचार्य आकाझाकां मदुगु दच्छि दुगुया लसताय् वसपोलया किजा भाजु दुण्ड बहादुर वज्राचार्य सम्पादन याना बिज्यागु पवित्र बहादुरया छेँया परिवार अशोकरत्न वज्राचार्य, डा. प्रदिप बहादुर वज्राचार्य व हेरादेवी वज्राचार्य उगु ग्रन्थ प्रकाशन याःगु खः । थुगु सफुती पवित्र बहादुर यागु जीवनीया खँ जक मखु मेमेगु बुद्ध शासनया ख्यले गुलि नं घटनात जूगु मुंका तगु खँ दुथ्याना च्वंगु दु ।

### प्रज्ञारश्मि गुण अनुस्मरण

दिवंगत जुया बिज्याम्ह भिक्षु प्रज्ञा रश्मि महास्थविरया गुणानुस्मरण दिवस हाल सालेहे गण महाविहारे त्रिरत्न गुण स्मरण, धर्म देशना व संघ भोजन दान याना झ झ धाय्क माने यागु समाचार दु ।

## बुद्ध धर्म संघ बिना मेव

*शरण मदु जिमित या लसे हालेगु छपु ब्यंगम्ये*

✍ **आनन्दमानसिं तुलाधर**

*भोटाहिटि यें*

राग रसव रंग सिवे थन
धर्म स्वैकें मदैवन
सत्य बिफ्याना असत्य नालानं
म्वाःद्यः चाकरी याः जुया ॥१॥

पारमि फुकं ध्वंस याना
पञ्च मारे दुबे जुया
लुच्चा तपुया सच्चा केनेत
स्रोत व शक्ति माः जुया ॥२॥

कुकार्य सम्पत्ति फक्को मुनाः
थः जक जिईका कतः स्याना
स्याःनुगः या श्राप फःसां
ज्ञान, गुणया ब्याख्या याः जुया ॥३॥

अनेक जातया वसः तिसाः
झःझः धायक तिया जुया
अय्नं छतिं लुदंके मफुनि
तृष्णां जाःगु थ्व नुगः यात ॥४॥

आजीं थुलहे भूतु सुवाः
स्येंके धुन थ्व म्हुतुया सवाः
मफु चित्तं सुधार याय् जिं
जयधुन असंखत ॥५॥

माया मोहया गर्व दुम्ह
राग द्वेषया खानि दुम्ह
छको सुइतं क्षमा बिइगु
चित्त मदु थ्व जालिया ॥६॥

रागि जूसां त्यागि केनेत
दानधर्म नं याः जुया
दुर्लभ खः थ्व मनुष्य जन्म,
लोकं धिक्कार यासां थया ॥७॥

अस्तू !

# दसि पौ व सिरपा इनेगु ज्याभ्वः

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसाले वंगु २०५९ मंसीर १४, २१ व २८ गते स्वन्हु शनिवाः पतिकं 'लेखन प्रतिभा विकास तालिम" या ज्याझ्व जूगु खः । लोचनतारा तुलाधरया संयोजकत्वे जूगु उगु तालिमे न्हापांगु न्हिखुन्हु मंसीर १४ गते सन्ध्या टाइम्सया संपादक सुरेश किरण मानन्धरजुं तालिम बिया दीगु खः । थ्वखुन्हु Jornalism (पत्रकारिता) व Mass Communication (आम संचार), व Feature writing विषय तालिम जूगु खः । मंसीर २१ गते Feature च्वया हःपिं सहभागीपिनिगु च्वसु स्वयाः उकिया समीक्षा जूगु खः । मंसीर २८ गते रीना तुलाधर पाखें 'च्वसु गथे च्वयेगु ?' धयागु विषय प्रशिक्षण जूगु खः । थ्व हे सिलसिलाय् तालिमे ब्वति काःपिं सहभागीपिं दथुइ 'आजको युगमा पंचशीलको उपादेयता' विषय च्वसु च्वयेगु छगू प्रतियोगिता नं जुइगु घोषणा यानाःलि झिम्ह सहभागीपिनि दथुइ उगु प्रतियोगिता जुल ।

२०५९ पौष १३ गते शनिवाः खुन्हु 'लेखन प्रतिभा विकास तालिमया सहभागीपिं दथुइ जूगु लेख च्वज्या प्रतियोगिताय् ब्वति कयादी पिन्त सिरपाः व दसिपौ इनेगु ज्याझ्वः जुल । राजा बज्राचार्यं न्हाप, प्रविणा महर्जन- ल्यू व दुर्गालाल शिल्पकार लियांल्यू जुया दीगु उगु उप्रतियोगिताय् खुम्ह मिसा व प्यम्ह मिजं सहभागी दुगु खःसा च्वसु न्यापु नेपाल भाषा व न्यापु नेपाली वःगु खः । मेपिं सहभागीपिं क्रमशः राजेश देसार, रामेश्वरी महर्जन, मन्दिरा महर्जन, अन्जु श्रेष्ठ, लूजः श्रेष्ठ, यूजिन तुलाधर, प्रमिला कायष्ठ खः ।

धर्मकीर्ति अध्ययन गोष्ठीया सह सचिव ध्रुव स्थापितं न्ह्याका दीगु उगु ज्याझ्वले धर्मानुशासक अश्वघोष महास्थविरजुं "पंचशील" यात अःपुक जक साधारण अर्थं कयां मगाः धया बिज्यात । सफुलिइ ब्वने थें जक पंचशीलया अर्थ, फल व विपाक ब्वनां च्वयां व्यवहारिकताय् मवः धया बिज्यात । थुगु प्रतियोगिताया च्वसुया निर्णायक नं जुया बिज्याःम्ह भन्ते नं पंचशीलया गहन व व्यापक अर्थ व उकिया व्यवहारिक पक्षयात हानं छक्वः दोहरे याना ब्वनाः चिन्तन मनन यायेत सकसितं आव्हान याना बिज्यात । धर्मकीर्ति अध्ययन गोष्ठीया सचिव इन्द्र कुमारं लसकुस न्वचुया लिसें न्ह्याःगु उगु ज्याझ्वले प्रशिक्षक सुरेश किरण मानन्धरयात धर्मकीर्तिया लोगो चिन्ह व स्वाँ बिया हने ज्या नं जूगु खः । प्रतियोगिताया लिच्वः रीना तुलाधरं न्यंका दीगु खः । प्रतियोगिताय् दुथ्याःगु च्वयुयात स्वम्ह निर्णायकपिसं मुल्यांकन याना दीगु खः - विषय वस्तु पाखे- पूज्य अश्वघोष महास्थविर, लेखन विधि - नवीन चित्रकार, भाषाय् मदनरत्न मानन्धर । थःथःगु मन्तव्य बीगुलिई प्रशिक्षक सुरेश किरण मानन्धरं धया दिल - च्वयेगु-लेखन तालिम धयागु सिद्धान्त जक ब्वनां मगाः उकियात अभ्यास माः उकिं थ्व ज्याझ्वः यात मदिकुसे क्रमबद्धरूपं न्ह्याका तुं यंकेमाः । अथे हे निर्णायक नवीन चित्रकारं धर्मकीर्ति थजाःगु थौंकन्हे यात मदेक मगाःगु ज्याझ्वः न्ह्याकूगुलिई अतिकं हर्ष प्वंका दिल । नापं थ्व ज्याझ्वः स्वलाय् (तीन तीन महिना) य् हे लिसा कयाः न्ह्याका यंकूसा थुकिं अवश्य नं बांलाःगु लिच्वः वइ अर्थात् च्वमिपिं पिदनी । ज्याझ्वःया अन्तय् ज्याझ्वःया संयोजक लोचनतारा तुलाधरं सकसितं सुभाय् देछायेगु झ्वलय् थुगु ज्याझ्व सफल यायेत सिरपाः तया गुहाली याना दीपिं बुद्ध मूर्ति स्वम्हया दाता श्रावस्ती तुलाधर, कापःया स्वाँया बास्केटया दाता उष्णिषतारा तुलाधरपिन्त नं सुभाय् देछाना दिल । अथे हे वय्कलं बुद्ध धर्म सयेकेत व थुकियात चिर स्थायी याय्त अध्ययन यानाः नं च्वयेगुलीई इच्छा दुपिं सकसितं धर्मकीर्ति अध्ययन गोष्ठीया दुजः यारूपे नियमित ज्याझ्वले भ्राया च्वना दीत इनाप याना दिल ।

## हना ज्याभ्वः

२०५९, पौष ७ गते, धर्मकीर्ति बसुन्धरा विहारे म्यानमारया गुरुमां दोगुणवती यात छगू हना ज्याझ्वः जुल । धर्मकीर्ति अध्ययन गोष्ठीया पुलांपि सदस्यपिं तता पुचः व केहे पुचःया आयोजनाय् जूगु उगु ज्याझ्वले मागुरुमां पाखें बर्मी खाना दयेके सयेकेगु न ज्या जूगु खः । रमा कंसाकारया संयोजकत्वे जूगु उगु ज्याझ्व प्रफुल्ल कमल ताम्राकारं न्ह्याकादीगु दीगुखः । डा. सुमन कलम तुलाधरं लसकुस न्वचु बिया दीगु उगु ज्याझ्वले लोचन तारा तुलाधर व रीना तुलाधरं मागुरूमां यागु बहु मुखी प्रतिभाया प्रकाश याना दीगु खः । "करुणाया मूर्ति मागुरुमां छम्ह अजाःम्ह धर्म प्रचारक खः गुम्हस्यां प्रवचन बियाः, सफू च्वयाः मखु थः हे नमूना गुण सम्पन्नया रूपे प्रस्तुत जुया सकसितं बौद्ध धयापिं थुज्वःम्ह धकाः क्यना बिज्यात" - नुगः खँ कनेगु झ्वले रीना तुलाधरं धया दिल । उखुन्हु तता केहें पुचलं दां मुनाः मागुरूमां यात चढे याःगु खः । बसुन्धरा विहारयात आवश्यक जुया च्वंगु काँटा चम्चा नं उगु पुचलं रेणु स्थापित पाखें कुसुम गुरुमां यात लः ल्हायेगु ज्या जूगु खः । उगु ज्याझ्वले मागुरुमांनं नं सकसितं आशिर्बचन बिया बिज्याःगु खः ।

बा.अ.का.द.नं. - ७०/०४०/४१



## छलफल

आयोजक- आज त जाडो भएपनि पर्याप्त सहभागीहरूको उपस्थिति भएको देख्न पाउँदा खुशी लागिरहेको छ ।

एकजना सहभागीले कुरा उठाउनु हुँदै प्रश्न गऱ्यो विहार-विहारमा पुण्य कार्य हुने ठाउँमा कहिले-कहिले सुन्न पाउने गर्छ- दश पुण्य कृया भनेर । त्यो दश वटा पुण्य कृया कुन-कुन हो जान्न पाए हुन्थ्यो कि ?

आयोजक- राम्रो प्रश्न उठाउनु भयो । कल्याण (राम्रो) धर्मलाई कुशल धर्म भनिन्छ । रमाइलो हुनु, हितसुखहुनु, उत्तम चरित्र आदि नै कुशल लक्षण हो । धर्म शास्त्रमा दश प्रकारका कुशल धर्म (दशपुण्य क्रिया) र दश अकुशल अशुभ कर्महरूको व्याख्या गरिएको पाइन्छ ।

दश कुशल धर्म:

१. **दान**- कसैलाई परउपकारको हेतुले त्याग गर्नु हुनेले नहुनेलाई त्याग गर्न सके गरीबी निवारण हुन सक्छ ।
२. **शील**- सदाचार, चरित्र राम्रो हुनु, इमान्दारी हुनु ।
३. **भावना**- आध्यात्मिक विकासको लागि अभ्यास हुनु । मन शुद्ध हुनु ।
४. **पुण्यदान**-आफूले सम्पादन गरेको पुण्य अरुलाई पनि हितहोस भनी छोडी दिनु ।
५. **पुण्य अनुमोदन**- अरुले गरेको राम्रो कार्यमा अनुमोदन र प्रशंसा गर्नु ।
६. **सर सफाइ**- आफू बसेको ठाउँमा र बाहिर वरिपरि सफा सुग्घर र स्वच्छ वातावरण बनाउनु ।
७. **आदर सम्मान**- गुणधर्मले माथि परेकालाई आदर गौरबपूर्ण सम्मान गर्नु ।
८. **धर्मदेशना**- चरित्रराम्रो हुने र जीवनोयोगी धर्म-शिक्षालाई व्याख्या गरेर प्रचार गर्नु ।
९. **धर्म श्रवण**- असल मान्छे बन्नलाई कामलाग्ने धर्म र ज्ञान गुणका कुरा सुन्दै जानु ।
१०. **सम्यक् दृष्टि**- ठीक समझदारी हुनु, पूर्वाग्रह बाट, मुक्त हुनु ।

अर्को भाषामा भनू भने अन्धविश्वासी नबन्नु ।

दश कुशल धर्ममा प्रथमत: दानको कुरा आउँछ । बुद्धको उपदेश गर्ने आफ्नै शैली छ । उहाँले क्रमिक कथाको रूपमा देशना गर्नु हुन्छ । यस अन्तर्गत पनि पहिलो दान कथा नै आउँछ । बुद्धले दान भिक्षुहरूलाई मात्र दिनु पर्छ भनी भन्नु भएको छैन । हुनेले नहुनेलाई सहयोगार्थ त्याग गर्नु नै दान हो । गरीबी निवारण गर्न बुद्धले दान प्रथा चलाउनु भएको थियो । तर आजकाल दानीहरूले गरीबहरूको उधार हुने तर्फ नसोची मात्र धार्मिक क्षेत्रमा धेरै त्याग गरिरहेका छन् । हुन त यो आफ्नो विश्वास र आस्थाको कुरो हो ।

*सहभागी*- आजत चिताएको दश पुण्य कर्म बारे सन्तोष जनक सुन्न पाएकोले खुशी लाग्यो । यस्तो विषयमा पनि समय समयमा छलफल गर्न पाए राम्रो हुन्थ्यो कि ! आजसलाई बिदा चाहन्छु !!

## शान्ति वनमा धार्मिक कार्यक्रम

मंसीर २९ गते, आइतबार ।

पूज्य उपसंघनायक भिक्षु सुबोधानन्द महास्थविर प्रमुख विहारका उपासक उपासिकाहरूको सहभागितामा गोदावरी स्थित शान्ति वनमा गौतम बुद्धको नव प्रतिस्थापित प्रतिमा समक्ष बुद्धगुण स्मरण पुण्यकार्य सम्पन्न भयो । उक्त कार्य क्रममा बुद्धको शिक्षा बारे भिक्षु सोभितले व्याख्या गर्नु भयो ।

## सुमंगल विहार परिवारको धर्मयात्रा

पुष १२ गते, शुक्रबार ।

सुमंगल विहार उपासक उपासिका परिवारको मासिक नियमित धर्मयात्रा काठमाडौं श्री:घ: विहारमा आई विभिन्न कार्यक्रम बनाइ सम्पन्न भयो । बुद्ध पूजा धर्म देशना पछि विहारलाई प्रेसर कुकर १ र रु. ८५०/- प्रदान गर्नु भएको समाचार छ ।

मुद्रक : **न्यू नेपाल प्रेस** *प्रधान कार्यालय* : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय* : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८